मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## गृहमन्त्रीविरुद्ध मानवअधिकार आयोगमा उजुरी

**मधेशदृष्टि**
**काठमाडौँ।**
शान्तिपूर्ण प्रदर्शनका क्रममा पक्राउ परेर प्रहरी हिरासतमा रहेका व्यक्तिलाई मानसिक दबाब र ज्यान मार्ने धम्की दिएको आरोप लगाउँदै गृहमन्त्री सुधन गुरुङविरुद्ध राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दर्ता गरिएको छ।
अजय सोडारी, प्रकाश बम र सुजन पौडेलले सोमबार आयोगको केन्द्रीय कार्यालय पुल्चोकमा निवेदन दर्ता गर्दै हिरासतभित्रै गृहमन्त्रीको नेतृत्वमा आएको टोलीले आफूहरूलाई धम्की दिएको दाबी गरेका छन्। उनीहरूका अनुसार कालापानी, लिपुलेक र लिम्पियाधुरासम्बन्धी विषयमा भारतीय दूतावासअगाडि गरिएको प्रदर्शनपछि पक्राउ परेका बेला उक्त घटना भएको हो । निवेदकहरूले घटनाको छानबिन, सीसीटीभी फुटेज परीक्षण तथा संलग्नमाथि कानुनी कारबाहीको माग गरेका छन्।

● वर्ष ४ ● अंक २१५ ● २०८३ साल असार ०९ गते मंगलबार ● Tuesday 23, June 2026 ● सूर्योदय: बिहान ०५:१२ बजे ● सूर्यास्त: साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### धनुषाका स्थानीय तहको बेथिति:
## आम्दानीभन्दा जनप्रतिनिधिको सुविधा खर्च बढी !



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाका अधिकांश स्थानीय तहमा आन्तरिक स्रोतबाट उठ्ने राजस्वभन्दा जनप्रतिनिधिको सेवा–सुविधामा हुने खर्च बढी देखिएको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनले स्थानीय तहहरूको वित्तीय अवस्थामाथि गम्भीर प्रश्न उठाएको छ ।प्रतिवेदनअनुसार धनुषाका १८ स्थानीय तहमध्ये १५ वटाको आन्तरिक आम्दानी र पदाधिकारीको सेवा–सुविधासम्बन्धी विवरण सार्वजनिक गरिएको छ। तीमध्ये ९ स्थानीय तहमा जनप्रतिनिधिको सेवा–सुविधामा खर्च भएको रकम आन्तरिक आम्दानीभन्दा बढी रहेको देखिएको छ।
आन्तरिक आम्दानीको तुलनामा सबैभन्दा बढी खर्च गर्ने पालिकामा औरही गाउँपालिका परेको छ । गाउँपालिकाले गत आर्थिक वर्षमा कर तथा शुल्कबाट करिब २४ लाख रुपैयाँ मात्र संकलन गरेको भए पनि जनप्रतिनिधिको सेवा–सुविधामा ८१ लाख रुपैयाँभन्दा बढी खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।
यस्तै, नगराइन नगरपालिका, मिथिला बिहारी नगरपालिका, शहिदनगर नगरपालिका, जनकनन्दिनी गाउँपालिका, बटेश्वर गाउँपालिका, धनौजी गाउँपालिका, कमला नगरपालिका तथा क्षिरेश्वरनाथ नगरपालिकामा पनि सेवा–सुविधा खर्च आन्तरिक आम्दानीभन्दा धेरै रहेको देखिएको छ । यी पालिकामा संकलित राजस्वको तुलनामा तीन गुणाभन्दा बढी रकम जनप्रतिनिधिका सुविधा शीर्षकमै खर्च भएको तथ्यांकले देखाएको छ ।नगराइन नगरपालिकाले करिब ३७ लाख रुपैयाँ आन्तरिक आम्दानी गरेकोमा जनप्रतिनिधिको सुविधा खर्च १ करोड १४ लाख रुपैयाँभन्दा बढी पुगेको छ । मिथिला बिहारी नगरपालिकामा ५५ लाख रुपैयाँभन्दा बढी आम्दानी हुँदा सेवा–सुविधामा १ करोड ३७ लाख रुपैयाँ खर्च भएको छ । शहिदनगर नगरपालिकाले करिब ४६ लाख रुपैयाँ राजस्व उठाउँदा सुविधा खर्च १ करोड रुपैयाँ नाघेको छ ।यद्यपि सबै स्थानीय तहको अवस्था समान छैन । सबैला नगरपालिका, हंसपुर नगरपालिका, लक्ष्मिनियाँ गाउँपालिका, मिथिला नगरपालिका, गणेशमानचारनाथ नगरपालिका तथा जनकपुरधाम उपमहानगरपालिकामा भने आन्तरिक आम्दानी सेवा–सुविधा खर्चभन्दा बढी रहेको देखिएको छ । जनकपुरधाम उपमहानगरपालिकाले आफ्नो कुल आन्तरिक आम्दानीको झण्डै १९ प्रतिशत रकम मात्र जनप्रतिनिधिको सेवा–सुविधामा खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।
मधेश प्रदेश सरकारले लागू गरेको 'स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७' अनुसार जनप्रतिनिधिले प्रत्यक्ष तलब नपाए पनि विभिन्न शीर्षकमा सुविधा प्राप्त गर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार इन्धन, यातायात, सञ्चार, पत्रपत्रिका, इन्टरनेट, अतिथि सत्कार, अनुगमन भत्ता, बैठक भत्ता, चाडपर्व खर्च, दैनिक तथा वैदेशिक भ्रमण भत्ता र यात्रा बिमालगायतका सुविधा उपलब्ध गराइन्छ ।स्थानीय तहहरूले भूमि कर, घरबहाल कर, सिफारिस दस्तुर, न्यायिक शुल्क, जरिवाना, नक्सापास दस्तुर तथा व्यक्तिगत घटना दर्ता शुल्कलगायतका माध्यमबाट आन्तरिक आम्दानी संकलन गर्ने गरेका छन् । तर धेरै पालिकामा उठेको राजस्वको ठूलो हिस्सा जनप्रतिनिधिको सुविधा व्यवस्थापनमै खर्च हुने गरेको देखिएको छ । विज्ञहरूका अनुसार कमजोर आन्तरिक आम्दानी भएका पालिकाहरू संघीय र प्रदेश सरकारको अनुदानमा अत्यधिक निर्भर रहँदा स्थानीय वित्तीय स्वायत्तता प्रभावित हुने जोखिम बढेको छ । उनीहरूले राजस्व संकलनको दायरा विस्तार गर्दै खर्च व्यवस्थापनमा मितव्ययिता अपनाउन आवश्यक रहेको बताएका छन्।

### हिमोफिलिया बिरामीलाई राहत:
## अब नारायणी अस्पतालमै विशेष उपचार सेवा




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नारायणी अस्पतालमा पहिलोपटक 'हिमोफिलिया उपचार केन्द्र' (एचटिसी) सञ्चालनमा आएको छ । हिमोफिलिया सोसाइटी नेपाल र नारायणी अस्पतालको सहकार्यमा स्थापना गरिएको उक्त केन्द्र आइतबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । यससँगै मधेश प्रदेशका हिमोफिलिया तथा अन्य रक्तश्रावसम्बन्धी समस्याबाट पीडित बिरामीले आफ्नै प्रदेशमा विशेषज्ञ उपचार सेवा पाउने भएका छन्।
हिमोफिलिया सोसाइटी नेपालका अध्यक्ष नवीन ढुङ्गेलका अनुसार केन्द्र सञ्चालनमा आएपछि नारायणी अस्पतालमा उपचाररत करिब ४० जना हिमोफिलियाका बिरामी प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् । उपचार सेवालाई प्रभावकारी बनाउन सोसाइटीले आवश्यक औषधिसमेत अस्पताललाई उपलब्ध गराएको उनले जानकारी दिए। केन्द्र स्थापना सँगसँगै स्वास्थ्यकर्मीलाई हिमोफिलिया रोगको पहिचान, उपचार, व्यवस्थापन तथा बिरामीलाई आवश्यक पर्ने 'क्लोटिङ फ्याक्टर'को प्रयोगसम्बन्धी व्यवहारिक तालिम पनि प्रदान गरिएको छ। यसले बिरामीलाई गुणस्तरीय र समयमै उपचार सेवा उपलब्ध गराउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।
नारायणी अस्पतालमा हिमोफिलिया उपचार केन्द्र सञ्चालनमा आएपछि पर्सा, बारा, रौतहट, सिरहा लगायत मधेश प्रदेशका विभिन्न जिल्लाका बिरामीलाई उपचारका लागि काठमाडौं धाउनुपर्ने बाध्यता हट्ने विश्वास गरिएको छ। यसअघि सामान्य उपचारका लागि समेत राजधानी पुग्नुपर्ने अवस्थाका कारण बिरामी र उनीहरूका परिवारले आर्थिक तथा मानसिक रूपमा ठूलो कठिनाइ झेल्दै आएका थिए।
सोसाइटीका उपाध्यक्ष रामकृष्ण बोगटीका अनुसार नेपालमा

बाँकी पृष्ठ २ मा

## जनलोकपाल आयोगको प्रभावकारितामाथि गम्भीर प्रश्न !

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन तथा सार्वजनिक निकायमाथिको जनविश्वास बढाउने उद्देश्यले स्थापना गरिएको प्रदेश जनलोकपाल आयोग प्रभावकारी बन्न सकेको छैन। करोडौं रुपैयाँ खर्च भइसके पनि आयोगको उपलब्धि अपेक्षाअनुसार नदेखिएपछि यसको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ । मधेश सरकारले जनलोकपाल ऐन, २०७७ अन्तर्गत करिब पाँच वर्षअघि आयोग गठन गरेको थियो। भारतको जनलोकपाल अवधारणाबाट प्रेरित भई सार्वजनिक पद धारण गरेका व्यक्तिमाथि हुने भ्रष्टाचार, अनियमितता तथा अधिकार दुरुपयोगका उजुरीको



प्रारम्भिक छानबिन गर्ने उद्देश्यसहित आयोग स्थापना गरिएको थियो।
तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले २०७८ भदौ २२ गते रामसहाय राय यादवलाई अध्यक्ष तथा राजकिशोर साह र शोभा महतोलाई सदस्यमा नियुक्त गरेको थियो । तर आयोगले अपेक्षित परिणाम दिन नसकेको भन्दै सदस्यद्वय साह र महतोले २०८१ माघ ३० गते पदबाट राजीनामा दिएका थिए। उक्त पद रिक्त भएको झन्डै १६ महिनापछि गत जेठ १२ गते मुख्यमन्त्री कृष्णप्रसाद यादवले सञ्जिवकुमार झा र सुजाता विमललाई आयोगको सदस्यमा नियुक्त गरेका छन् । तर यी नियुक्ति प्रक्रियामाथि नै प्रश्न उठेको छ। विशेषगरी सदस्य नियुक्त भएका सञ्जिवकुमार झाको विगतलाई लिएर आलोचना भइरहेको छ। उनी महोत्तरीमा एक वडाध्यक्षको हत्या प्रकरणमा पक्राउ परेर हिरासतमा बसेको र पछि साधारण तारेखमा रिहा भएको व्यक्ति भएको भन्दै विपक्षी दल र नागरिक

बाँकी पृष्ठ २ मा


### समावेशी पक्षमा रास्वपाको जोड:
## मधेशी समुदाय खुसी

**चितवन।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो विधानमा संशोधन गरी पार्टीलाई थप समावेशी बनाइने भएको छ । समावेशी सहभागितालाई सुनिश्चित गर्नेगरी विधान संशोधन भएसँगै प्रत्यक्ष लाभान्वित समुदाय खुसी




देखिएका हुन्। पार्टीले महिला, जनजाति, मधेशी, दलित समुदायका पक्षमा निर्णय गरेको भन्दै लाभान्वित समुदाय उत्साहित बनेका हुन् । आधा जनसंख्या ओगट्ने महिलामध्येबाट एक जना केन्द्रीय उपसभापति हुनुपर्ने व्यवस्था गरेको छ।
केन्द्रीय समितिका ९९ जना सदस्यमध्ये प्रदेशबाट प्रतिनिधित्व गर्ने एउटा प्रदेशको पाँच जनाका दरले ३५ जना सदस्यलाई पूर्ण समावेशी बनाइएको छ। एउटा प्रदेशबाट कम्तीमा दुई महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ । प्रदेशमा उपस्थित जनसंख्याको आधारमा गण्डकी र कोशी प्रदेशलाई एक÷एक जना जनजातिका लागि कोटा राखिएको छ । यसैगरी, सुदूरपश्चिम र कोशी प्रदेशमा एक÷एक जना दलित अनिवार्य हुनुपर्ने छ। लुम्बिनीमा एक जना थारु र मधेस प्रदेशमा मधेसी दलित अनिवार्य गरी समावेशी सिद्धान्तलाई आत्मसात् गरिएको छ।
यसै सन्दर्भमा मधेस प्रदेशबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरुले समावेशिताको सिद्धान्तले सबै व्यक्ति तथा समुदायलाई समान अवसर र सम्मान प्रदान गर्ने भन्दै पार्टीको निर्णयप्रति खुसी व्यक्त गरेका छन्। यसले विभिन्न पृष्ठभूमि, क्षमता, र अनुभव भएका व्यक्तिलाई संस्था, समाज र निर्णय प्रक्रियामा समेट्ने उनीहरुको विश्वास छ। जसले गर्दा सबैको योगदानले समाजलाई समृद्धितर्फ अगाडि बढाउँने उनीहरुको भनाइ छ।
मधेश प्रदेशको राजधानी धनुषा

बाँकी पृष्ठ २ मा






# ११ महिनामै ३८ अर्बको धानचामल आयात, तयारी चामलप्रति निर्भरता बढ्दो



**मधेशदृष्टि**
**वीरगंज।**
चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा नेपालले करिब ३८ अर्ब रुपैयाँ बराबरको धान तथा चामल विदेशबाट आयात गरेको छ । भन्सार विभागको तथ्यांकअनुसार साउनदेखि जेठसम्मको अवधिमा ३७ अर्ब ८३ करोड ९२ लाख रुपैयाँ मूल्य बराबरको ७ लाख ११ हजार ५२० टन धानचामल नेपाल भित्रिएको हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ३८ अर्ब ९४ करोड २८ लाख रुपैयाँ बराबरको ७ लाख ५३ हजार ३०५ टन धानचामल आयात भएको थियो। यस आधारमा चालु वर्ष आयात परिमाण र खर्च दुवैमा सामान्य कमी देखिएको छ।

तथ्यांकले कच्चा धानको आयात घट्दै गएको संकेत गरेको छ । गत वर्ष १९ अर्ब ९९ करोड रुपैयाँभन्दा बढी मूल्यको ५ लाख २१ हजार २६९ टन कच्चा धान आयात भएकोमा चालु वर्ष यो परिमाण घटेर ४ लाख ६१ हजार १०८ टनमा झरेको छ । यसका लागि १७ अर्ब २३ करोड ७२ लाख रुपैयाँ खर्च भएको छ । यद्यपि, धानको बिउ आयात भने बढेको छ । अघिल्लो वर्ष १ अर्ब १६ करोड ६२ लाख रुपैयाँ बराबरको २ हजार ५७० टन बिउ आयात भएकोमा यस वर्ष १ अर्ब २९ करोड ९४ लाख रुपैयाँ बराबरको २ हजार ९९३ टन बिउ भित्रिएको छ ।तयारी चामलको आयात भने निरन्तर बढिरहेको देखिन्छ । बासमती चामल आयात गत वर्षको ७ अर्ब २६ करोड ८४ लाख रुपैयाँबाट बढेर ७ अर्ब ८६ करोड ३१ लाख रुपैयाँ पुगेको छ । परिमाणका हिसाबले पनि ६६ हजार ३९७ टनबाट वृद्धि भई ६७ हजार ६६७ टन पुगेको छ । त्यस्तै, अन्य सामान्य चामलको आयात पनि उल्लेख्य रूपमा बढेको छ । अघिल्लो वर्ष १० अर्ब २३ करोड ५९ लाख रुपैयाँ बराबरको १ लाख ५६ हजार २६१ टन आयात भएकोमा चालु वर्ष ११ अर्ब ८ करोड ८४ लाख रुपैयाँ बराबरको १ लाख ७१ हजार ५४ टन चामल भित्रिएको छ । कनिका र ब्राउन राइसको आयातमा समेत वृद्धि देखिएको छ। कनिका आयात २८ करोड ५ लाख रुपैयाँ बराबरको ६ हजार ८०२ टनबाट बढेर ३५ करोड १ लाख रुपैयाँ बराबरको ८ हजार ६८९ टन पुगेको छ। ब्राउन राइसको आयात पनि ४.३५ टनबाट बढेर ७.०७ टन पुगेको विभागको तथ्यांकमा उल्लेख छ। कच्चा धानको आयात घट्दै जाँदा तयारी चामलको आयात बढ्नुले स्वदेशमा धान प्रशोधनभन्दा विदेशबाट सिधै चामल आयात गर्ने प्रवृत्ति बलियो बन्दै गएको संकेत गरेको छ । यसबीच धानचामल आयातबाट प्राप्त हुने सरकारी राजस्व भने घटेको छ । गत आर्थिक वर्षको ११ महिनामा ३ अर्ब ५३ करोड ६१ लाख रुपैयाँ राजस्व संकलन भएकोमा चालु वर्ष सोही अवधिमा यो रकम घटेर २ अर्ब ६१ करोड ६२ लाख रुपैयाँमा सीमित भएको छ।

# ४५० विद्यार्थीलाई निःशुल्क जुत्ता वितरण

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१० स्थित रामचरण साह पन्नालाल माध्यमिक विद्यालयका ४५० जना विद्यार्थीलाई निःशुल्क जुत्ता वितरण गरिएको छ।



वडा नम्बर १० को कार्यालयको पहलमा विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत छात्र–छात्रालाई एक–एक जोर जुत्ता उपलब्ध गराइएको हो।

सोमबार विद्यालय परिसरमा आयोजित कार्यक्रममा वडा नम्बर १० का कार्यवाहक वडाध्यक्ष सन्तोष जैसीलगायतले विद्यार्थीलाई जुत्ता हस्तान्तरण गरेका थिए । जुत्ता वितरण कार्यक्रममार्फत विद्यार्थीको शैक्षिक वातावरणमा सहयोग पुग्ने अपेक्षा गरिएको वडा कार्यालयले जनाएको छ।

वडा कार्यालयका सचिव पवन प्रधानका अनुसार कार्यक्रममा वडा सदस्य मिश्रा देवी नगरकोटी, विद्यालयका प्रधानाध्यापक मनोज चौहान, घडिअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष सन्तोष साह कानु, शम्भु साह कानु, शिवनारायण साह तथा विद्यालयका शिक्षक–शिक्षिका, अभिभावक र स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यवाहक वडाध्यक्ष जैसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यार्थीको शैक्षिक आवश्यकतामा सहयोग पुर्‍याउने यस्ता सामाजिक तथा शैक्षिक कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिएको थियो।

# मधेश प्रदेशमा गहुँ उत्पादनमा कमी



**जनकपुरधाम।**
गहुँ उत्पादनका लागि उर्वर र अग्रणी मानिएको मधेश प्रदेशमा यस वर्ष गहुँ उत्पादनमा कमी आएको छ । मधेश प्रदेश कृषि निर्देशनालय नक्टाझिज धनुषाका अनुसार यस वर्ष मधेश प्रदेशमा तीन लाख ७३२ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर १.८ मेट्रिक टनका दरले पाँच लाख ४३ हजार १६० मेट्रिक टन गहुँ उत्पादन भएको छ । अघिल्लो वर्ष मधेश प्रदेशमा एक लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ३.३७ मेट्रिक टनका दरले सात लाख ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको थियो । यस वर्ष सबैभन्दा बढी धनुषामा ३३ हजार ५०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.९४ मेट्रिक टनका दरले ९८ हजार ४९० मेट्रिक टन गहुँ उत्पादन भएको मधेश प्रदेश कृषि निर्देशनालयका बागबानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिए। बागबानी विकास अधिकृत विश्वकर्माका अनुसार रौतहटमा १७ हजार २९२ हेक्टरमा प्रतिहेक्टर ३.०५ मेट्रिक टनका दरले ५२ हजार ७४१ मेट्रिक टन, सर्लाहीमा २७ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.५४ मेट्रिक टनका दरले ६९ हजार ५९६ मेट्रिक टन र महोत्तरीमा २७ हजार हेक्टरमा प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ७२ हजार ८०० मेट्रिक टन गहुँ उत्पादन भएको छ। त्यसैगरी सप्तरीमा २९ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.८ मेट्रिक टनका दरले ८२ हजार ३२० मेट्रिक टन, बारामा २९ हजार हेक्टरमा प्रतिहेक्टर २.४८ मेट्रिक टनका दरले ७१ हजार ९२० मेट्रिक टन, पर्सामा २३ हजार २० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ५९ हजार ८५२ मेट्रिक टन र सिरहामा १४ हजार १७६.४८ हेक्टरमा प्रतिहेक्टर २.५१ मेट्रिक टनका दरले ३५ हजार ४४१ मेट्रिक टन गहुँ उत्पादन भएको अधिकृत विश्वकर्माले बताए।

प्रतिकूल मौसम, रोग कीराको प्रकोप र सिँचाइ तथा गुणस्तरीय बीउबिजनको अभावका कारण यस वर्ष गहुँ उत्पादनमा ह्रास आएको मधेश प्रदेश कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादवले बताए। रासस

# धनुषाको चित्रपुरमा आँप मेला, ३० लाखको कारोबार, २० हजार दर्शकको सहभागिता

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको बटेश्वर गाउँपालिका–१ चित्रपुरमा आयोजित तीनदिने आँप मेला सम्पन्न भएको छ।

फलफूल उत्पादन, कृषि पर्यटन र स्थानीय अर्थतन्त्रको प्रवद्र्धन गर्ने उद्देश्यले आयोजना गरिएको मेलामा करिब ३० लाख रुपैयाँ बराबरको आँप तथा आँपजन्य उत्पादनको कारोबार भएको आयोजकले जनाएको छ।

शुक्रबारदेखि आइतबारसम्म सञ्चालन भएको मेलामा करिब २० हजार दर्शक तथा आगन्तुकले अवलोकन गरेका छन् । चित्रपुर म्यांगो एग्रो टुरिज्म इनिसिएटिभका अध्यक्ष प्रदीपकुमार महताका अनुसार विशाल आँप बगैँचाभित्र आयोजना गरिएको मेलाले स्थानीय उत्पादनलाई बजारसँग जोड्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

करिब ५ सय बिघा क्षेत्रफलमा फैलिएको आँप बगैँचामा आयोजित मेलामा एक दर्जनभन्दा बढी प्रजातिका आँप प्रदर्शन तथा बिक्रीका लागि राखिएका थिए । साथै आँपबाट तयार गरिएका अचार, अमोट, जुस, चिप्सलगायत विभिन्न परिकार पनि आकर्षणका केन्द्र बनेका थिए।

मेलाको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गरेका थिए । उद्घाटन कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेल र श्रम तथा यातायात मन्त्री शारदादेवी थापाको पनि सहभागिता रहेको थियो।

त्यसैगरी गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतो तथा शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह लगायतले पनि मेलाको अवलोकन गर्दै स्थानीय उत्पादन र कृषि पर्यटनको सम्भावनाबारे चासो व्यक्त गरेका थिए । आँप उत्पादन, बजारीकरण तथा खेतीको सम्भावनाबारे छलफलसँगै मेलामा सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको थियो। स्थानीय कलाकारहरूको प्रस्तुति र सांस्कृतिक झाँकीले मेलालाई थप आकर्षक बनाएको थियो।

चित्रपुरलाई आँप उत्पादनको केन्द्रका रूपमा चिनाउने तथा कृषि पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित स्थानीयवासीले विगत तीन वर्षदेखि नियमित रूपमा आँप मेला आयोजना गर्दै आएका छन्।

# हिमोफिलिया बिरामीलाई राहत...

अझै पनि धेरै हिमोफिलिया बिरामी पहिचान र उपचारको पहुँचभन्दा बाहिर छन् । आवश्यक औषधिको करिब ५४ प्रतिशत अभाव रहेको उल्लेख गर्दै उनले जनचेतनाको कमीका कारण धेरै बिरामी खुलेर उपचारको दायरामा आउन नसकेको बताए।

हालसम्म नेपालका १८ वटा सरकारी अस्पतालमा हिमोफिलिया उपचार केन्द्र स्थापना भइसकेका छन् । पछिल्लो जनगणनाका आधारमा नेपालमा करिब तीन हजार जना हिमोफिलिया प्रभावित व्यक्ति रहेको अनुमान गरिएपनि नेपाल हिमोफिलिया सोसाइटीको सम्पर्कमा हालसम्म करिब ७५० जना मात्रै आएका छन्।

हिमोफिलिया एक वंशाणुगत रक्तश्रावसम्बन्धी रोग हो, जसमा शरीरमा रगत जमाउन आवश्यक 'क्लोटिङ फ्याक्टर'को कमी वा अभाव हुन्छ । यसका कारण सामान्य चोटपटक लाग्दा पनि लामो समयसम्म रक्तश्राव भइरहने, जोर्नी सुन्निने तथा शरीरभित्र आन्तरिक रक्तश्राव हुनेजस्ता जटिल समस्या देखिन सक्छन् । चिकित्सकहरूका अनुसार अधिकांश अवस्थामा यो रोग वंशाणुगत हुन्छ। तर केही व्यक्तिमा अन्य कारणले पनि देखिन सक्छ । रगत जमाउन आवश्यक विशेष प्रकारको प्रोटिन अर्थात् 'फ्याक्टर'को कमी हुँदा रक्तश्राव रोक्न कठिन हुने भएकाले यसलाई गम्भीर स्वास्थ्य समस्याका रूपमा लिइन्छ ।स्वास्थ्य विज्ञहरूका अनुसार रक्तश्राव हुँदा शरीरले रक्तनली सङ्कुचन, प्लेटलेट प्लग निर्माण तथा 'फाइब्रिन' जालो विकास गरी रक्तश्राव नियन्त्रण गर्ने प्रयास गर्छ । तर हिमोफिलियाका बिरामीमा आवश्यक क्लोटिङ फ्याक्टरको कमीका कारण यो प्रक्रिया प्रभावकारी रूपमा सम्पन्न हुन सक्दैन । नारायणी अस्पतालमा हिमोफिलिया उपचार केन्द्र स्थापना भएसँगै मधेश प्रदेशका बिरामीलाई सहज, सुलभ र समयमै उपचार सेवा उपलब्ध हुने विश्वास गरिएको छ।

# पत्नी हत्या आरोपमा 'नेपाली ब्रो' को बयान घटनामा एक्लै संलग्न रहेको दाबी

**मधेशदृष्टि**
**काठमाडौँ।**
पत्नी ईश्वरी भुजेलको हत्या आरोपमा पक्राउ परेका 'नेपाली ब्रो' का नामले चिनिने कुमार थापा मगरले घटनामा आफू एक्लै संलग्न रहेको बयान दिएका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार कुमारसहित पक्राउ परेका चार जनामाथि अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ । मृतकका माइती पक्षको जाहेरीपछि उनका भाइ विक्रम थापा मगर, साथी पूजन थापा र प्रतीक्षा आचार्यलाई पनि पक्राउ गरिएको थियो।

प्रहरीका अनुसार जेठ २२ गते तारकेश्वर–६ लोलाङस्थित निवासमा रड प्रहारबाट गम्भीर घाइते भएकी ईश्वरी भुजेलको उपचारका क्रममा मृत्यु भएको थियो । अनुसन्धानमा कुमारले घटनाको सम्पूर्ण जिम्मेवारी आफूले लिएको बताएका छन् भने अन्य पक्राउ परेकाहरूले आरोप अस्वीकार गरेका छन्।

प्रहरीले थप अनुसन्धान जारी राखेको छ । अनुसन्धान पूरा भएपछि कर्तव्य ज्यान मुद्दामा अभियोगपत्र दायर गर्ने तयारी गरिएको जनाएको छ।

# समावेशी पक्षमा रास्वपाको जोडः...

जिल्लाबाट प्रतिनिधित्व गर्ने उदयकुमार साहले पुराना दलहरुको प्राथमिकतामा समाबेशी सिद्धान्तको मुद्दा प्राथमिकतामा नपरेकाले जनताको विश्वास गुमाउन पुगेको उल्लेख गर्दै समावेशी पक्षका सन्दर्भमा रास्वपा अन्य दलभन्दा अघि रहेको भनी खुसी व्यक्त गरे। यसैगरी महोत्तरीका विनोदकुमार शाह समाजका सबै वर्ग, लिङ्ग, समुदायका भुइँमान्छेलाई समेट्ने गरी पार्टीले नीति तथा कार्यक्रमहरु अघि ल्याउनुपर्नेमा सुझाव दिन्छन्।


सर्लाहीकी आज्ञा कटुवाल पार्टीलाई पूर्ण समावेशी बनाउन लागिएको भन्दै खुसी व्यक्त गर्छन् । उनले भने, 'गाउँगाउँका समस्या बुझ्ने गरी पार्टी कमिटी बन्नुपर्छ।' समावेशीताले समाजको विविधतालाई सम्मान गर्ने भन्दै उनले पार्टीलाई एक ढिक्का भएर अघि वढाउन सुझाव दिन्छन् । त्यस्तै बाराका सुदर्शन पण्डितले जातीय र भूगोलका नागरिकको गुनासा सुन्न नसक्दा पुराना दल कमजोर हुँदै गएको स्पष्ट गर्दै रास्वपाको समानुपातिक नीति देश र जनताका पक्षमा केन्द्रित हुने स्पष्ट पारे।

बाराका सागरकुमार गिरी समाजका सबैलाई समेटेर समावेशीताको सिद्धान्तलाई आत्मसात् गर्दै पार्टी गतिविधि अघि बढ्ने बताउँछन् । अहिलेसम्म अरुले नसुनेको गुनासो रास्वपाले सुन्ने भन्दै उनले आमनागरिकको प्रतिनिधित्व हुने गरी केन्द्रदेखि तल्लो तहसम्म सङ्गठन संरचना बनाइनुपर्ने खाँचो औँल्याए।

रास्वपाको पहिलो महाधिवेशनको बन्दसत्र अहिले यहाँ सुरु भएको छ। पार्टीलाई थप समावेशी बनाउने गरी विधान संसोधन प्रक्रिया अघि बढेसँगै विशेषगरी महिला, दलित, जनजातिलगायतका वर्ग, समुदाय प्रत्यक्ष रुपमा लाभान्वित हुने रास्वपाले स्पष्ट गरेको छ । रासस

# वडाध्यक्षमाथि हातपात गरेको आरोपमा पत्रकार कुँवर पक्राउ

**मधेशदृष्टि**
**कञ्चनपुर।**
कञ्चनपुरमा एक सार्वजनिक कार्यक्रममा वडाध्यक्षमाथि हातपात गरेको आरोपमा पत्रकार ऐश्वर्या कुँवर पक्राउ परेकी छन् । घटनापछि उनीविरुद्ध अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ।




प्रहरीका अनुसार भीमदत्त नगरपालिका–१८ का वडाध्यक्ष रविन्द्र देवकोटामाथि महेन्द्रनगरस्थित एक होटलमा आयोजित कार्यक्रममा विवाद भएको थियो। कार्यक्रमकै क्रममा दुवै पक्षबीच भनाभन भएपछि कुँवरले वडाध्यक्ष देवकोटामाथि मुक्का प्रहार गरेको आरोप छ। उक्त घटनाको भिडियो समेत सामाजिक सञ्जालमा सार्वजनिक भएको छ।

घटनापछि वडा प्रहरी कार्यालयको टोलीले कुँवरलाई घटनास्थलबाट नियन्त्रणमा लिएको थियो । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) टेकबहादुर रावतका अनुसार उनलाई पक्राउ गरी हिरासतमा राखिएको छ । प्रहरीका अनुसार वडाध्यक्ष देवकोटाले कुँवरविरुद्ध अभद्र व्यवहारको किटानी जाहेरी दिएका छन् । सोही जाहेरीका आधारमा मुद्दा दर्ता भइसकेको र थप कानुनी प्रक्रिया अगाडि बढाइएको डीएसपी रावतले जानकारी दिए । अदालतबाट म्याद थप गरी घटनाबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

उता पत्रकार कुँवरले भने आफ्नो फेसबुकमार्फत सार्वजनिक गरेको भिडियोमा वडाध्यक्ष देवकोटाले आफूमाथि दुव्र्यवहार गरेको दाबी गरेकी छन्। घटनाबारे दुवै पक्षका फरक–फरक दाबी सार्वजनिक भइरहेका बेला प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# जनलोकपाल आयोगको प्रभावकारितामाथि गम्भीर...

समाजका प्रतिनिधिहरूले नियुक्तिको औचित्यमाथि प्रश्न उठाएका छन्।

यता, जनलोकपालका पदाधिकारी नियुक्तिका लागि गठन हुने सिफारिस समितिमा मुख्यमन्त्री, प्रदेशसभा सभामुख र प्रतिपक्षी दलका नेता रहने कानुनी व्यवस्था भए पनि नियुक्ति प्रक्रियामा सभामुखलाई जानकारी नगराइएको आरोप सार्वजनिक भएको छ । यस विषयमा प्रदेशसभाले प्रमुख सचिवलाई औपचारिक पत्राचारसमेत गरेको जनाइएको छ। आयोगको कार्यसम्पादन हेर्दा पनि यसको प्रभावकारिता कमजोर देखिएको छ । पाँच वर्षको अवधिमा आयोगमा जम्मा ८४ वटा उजुरी दर्ता भएका छन्। तीमध्ये प्रारम्भिक छानबिन सम्पन्न भएका १५ वटा मुद्दा मात्रै थप अनुसन्धान तथा कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको छ।

यसबीच आयोग सञ्चालनका लागि ठूलो रकम खर्च भइसकेको छ। उपलब्ध तथ्यांकअनुसार दुई वर्ष ११ महिनाको अवधिमा पदाधिकारी तथा कर्मचारीको तलब–भत्ता, प्रशासनिक खर्च र कार्यालय सञ्चालनमा मात्रै ३ करोड ५४ लाख रुपैयाँ खर्च भएको छ।

आयोगको स्वीकृत दरबन्दी ३५ जनाको भए पनि हाल १५ जना कर्मचारी मात्र कार्यरत छन् । जनशक्ति अभाव, सीमित कार्यक्षेत्र, कमजोर जनविश्वास तथा न्यून उपलब्धिका कारण आयोग अपेक्षित रूपमा सक्रिय हुन नसकेको टिप्पणी हुने गरेको छ।

भ्रष्टाचार नियन्त्रण र आर्थिक सुशासनलाई बलियो बनाउने उद्देश्यले स्थापना गरिएको संस्थाले उल्लेखनीय उपलब्धि दिन नसकेको अवस्थामा पुनः भएका विवादास्पद नियुक्तिले जनलोकपाल आयोगको विश्वसनीयता र भविष्यबारे थप बहस सिर्जना गरेको छ । राजनीतिक भागबण्डा भन्दा दक्षता, निष्पक्षता र पारदर्शितालाई प्राथमिकता नदिइए आयोगको उद्देश्य नै ओझेलमा पर्ने चिन्ता सरोकारवालाहरूले व्यक्त गरेका छन्।

# परवानीपुर गापाद्वारा ३६ करोड ६३ लाखको बजेट सार्वजनिक



**मधेशदृष्टि**
**परवानीपुर ।**
बारा जिल्लाको परवानीपुर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३÷०८४ का लागि ३६ करोड ६३ लाख १० हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ । सोमबार सम्पन्न गाउँपालिकाको १८औँ गाउँसभामा उपाध्यक्ष सुगान्धी देवी कनुइनले बजेट सार्वजनिक गर्दै विकास निर्माण, शिक्षा र सेवा प्रवाहलाई प्राथमिकतामा राखिएको जानकारी दिइन् ।
गाउँसभामा प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम पेश गरेका थिए । प्रस्तुत नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रको सुधार, पूर्वाधार विकास, सरसफाइ व्यवस्थापन, आर्थिक गतिविधिको प्रवद्र्धन तथा नागरिकलाई प्रभावकारी सेवा उपलब्ध गराउने विषयलाई विशेष प्राथमिकता दिइएको छ ।
गाउँपालिकाले अधुरा रहेका विद्यालय भवन निर्माण कार्य सम्पन्न गर्ने, करसम्बन्धी सेवा गाउँपालिकाबाटै उपलब्ध गराउने, भूमि प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाट सञ्चालन गर्ने तथा वडा नम्बर १ मा नदी नियन्त्रणको काम सम्पन्न गर्ने योजना अघि सारेको छ । गाउँसभालाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज र स्थानीय बासिन्दाबीच सहकार्य आवश्यक रहेको बताए । उनले सुशासन, विकास र नागरिकमैत्री सेवा प्रवाहलाई केन्द्रमा राखेर बजेट निर्माण गरिएको उल्लेख गरे ।अध्यक्ष कुर्मीको अध्यक्षतामा सम्पन्न गाउँसभामा वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, कर्मचारी तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# पचरौता नपाको ६१ करोड ४१ लाख बजेट सार्वजनिक, पूर्वाधार, शिक्षा र स्वास्थ्यमा विशेष जोड

**सिकेन्द्र पासवान**
**बारा ।**
बारा जिल्लाको पचरौता नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ६१ करोड ४१ लाख ३९ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । नगरसभाको बैठकमार्फत प्रस्तुत गरिएको उक्त बजेट नगरको समग्र विकास, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि तथा स्थानीय नागरिकको जीवनस्तर सुधारमा केन्द्रित रहेको जनाइएको छ । नगर उपप्रमुख नसिमा खातुनले बजेट दस्तावेज नगरपालिकाका प्रवक्ता लक्ष्मी यादवलाई हस्तान्तरण गरेपछि यादवले सभामा बजेट प्रस्तुत गरेका थिए ।
नगरपालिकाका अनुसार बजेटका प्रमुख स्रोत संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान रहेका छन् । संघीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदानमार्फत झण्डै २९ करोड रुपैयाँभन्दा बढी रकम प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त तथा विशेष अनुदानलाई पनि बजेटमा समावेश गरिएको छ । आन्तरिक आय, राजस्व बाँडफाँड तथा बैंक मौज्दातलाई समेत आधार बनाएर बजेटको आकार निर्धारण गरिएको नगरपालिकाले जनाएको छ ।
आन्तरिक स्रोत सुदृढीकरणका लागि कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउने रणनीति अपनाइने उल्लेख गरिएको छ ।
आगामी आर्थिक वर्षको बजेटमा भौतिक पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइएको छ । सडक, नाला, खानेपानी तथा सार्वजनिक संरचनाको निर्माण र स्तरोन्नतिका लागि उल्लेख्य रकम विनियोजन गरिएको छ ।
साथै शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार, सेवा पहुँच विस्तार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनमा समेत विशेष जोड दिइएको छ । कृषि, पशुपालन तथा स्वरोजगार प्रवद्र्धनमार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने लक्ष्य बजेटले लिएको छ । उत्पादनमूलक क्षेत्रको विकाससँगै आर्थिक गतिविधि विस्तार गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने योजना नगरपालिकाले अघि सारेको छ ।



सामाजिक विकास तथा समावेशीकरणलाई पनि बजेटले प्राथमिकतामा राखेको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा पछाडि परेका समुदायको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।
सामाजिक सुरक्षा र समावेशी विकासलाई थप प्रभावकारी बनाउन लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिने नगरपालिकाको योजना छ । नगरसभालाई सम्बोधन गर्दै नगर प्रमुख जलन्धर सिंहले पचरौता नगरपालिकालाई जिल्लाकै नमुना पालिकाका रूपमा स्थापित गर्ने लक्ष्यसहित आफूहरू प्रतिबद्ध भएर काम गरिरहेको बताए । उनले विकास निर्माणका योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । नगर प्रमुखले बजेट निर्माण तथा तयारी प्रक्रियामा सहयोग पु¥याउने जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय तथा नागरिकप्रति आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनका लागि सबै पक्षको सहकार्य अपरिहार्य रहेको बताए । कार्यक्रमको सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्तकुमार पराजुलीले गरेका थिए ।

# सांसद रामाकान्त चौरसियालाई मातृशोक

मधेशदृष्टि
वीरगंज ।
पर्सा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य रामाकान्त चौरसियालाई मातृशोक परेको छ । उनकी ममतामयी आमा लालमती चौरसिया बरैको आइतबार राति निधन भएको पारिवारिक स्रोतले जनाएको छ । चौरसियाकी आमाको निधनको खबरपछि विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूले दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन् । साथै, शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरिएको छ ।
स्वर्गीय बरैको पार्थिव शरीरलाई सोमबार बिहान पर्साको बर्वा गाउँमा अन्तिम श्रद्धाञ्जली अर्पण गरिएपछि वीरगंज १९ स्थित तिलावे नदिमा हिन्दु धर्मपरम्परा अनुसार दाहसंस्कार गरिएको छ ।

# जितपुरसिमरा नगर उद्योग वाणिज्य संघको अध्यक्षमा गुप्ता निर्वाचित



**मधेशदृष्टि**
**जितपुरसिमरा ।**
बाराको जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको अध्यक्षमा युवा उद्यमी गजेन्द्र कुमार गुप्ता निर्वाचित भएका छन् ।
संघको नयाँ नेतृत्व चयनका लागि आइतबार भएको मतदानको सोमबार घोषित मतगणनाको अन्तिम नजिता अनुसार, प्रतिस्पर्धी उम्मेदवार मनोजकुमार गुप्तालाई फराकिलो मतान्तरले पराजित गर्दै अध्यक्षमा गजेन्द्र विजयी भएका हुन् । अध्यक्षमा निपर्वाचित गजेन्द्रले ५२९ मत पाए भने मनोजले १९९ मतमात्रै पाउन सके । यस्तै संघको बरिष्ठ उपाध्यक्षमा शीवजी साह सोनार विजयी भएका छन् ।बरिष्ठ उपाध्यक्षमा सोनार ५०२ मतका साथ विजयी हुदाँ उनका प्रतिस्पर्धी उम्मेदवार सन्तोष कुमारले १९५ मतमात्रै पाए ।
यसैगरि वाणिज्यतर्फको उपाध्यक्षमा ५३१ मतका साथ रामबाबु कलवार निर्वाचित भएका छन् । उनका निकटतम प्रतिस्पर्धी प्रमोद साहले १११ मत पाए । यस्तै महासचिवमा प्रकाश गिरि ५१२ मतका साथ निर्वाचित हुदाँ उनका निकटतम प्रतिस्पर्धी सुशील शर्माले १८८ मत पाएका छन् ।
यसैगरि कोषाध्यक्षमा रीना रौनियार ४१२ मतका साथ, वाणिज्यतर्फको सचिवमा २९७ मतका साथ निर्वाचित भएकी छन् । वाणिज्यतर्फको सदस्यमा अमरेन्द्र कलवार, नवरतन कलवार, बलराम पौडेल, वीभा गुप्ता, विजय गुप्ता, मनोहरबाबु गुप्ता, मुकुन्द रिजाल , रुपनारायण गुप्ता र श्रीराम साह कानु निर्वाचित भएका छन् ।

# ठूलो परिमाणमा लागुऔषध खैरो हिरोइनसहित दुईजना पक्राउ





**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको सीमावर्ती क्षेत्रमा ठुलो परिमाणको प्रतिबन्धित खैरो हेरोइन सहित दुई जना भारतीय तस्कर पक्राउ परेका छन् । लागूऔषध ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा खटिएको संयुक्त प्रहरी टोली र तस्करहरूबीच झडप हुँदा प्रहरीले स्थिति नियन्त्रणमा लिन गोलीसमेत चलाउनुपरेको छ ।
जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय महेशपुरपतार र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गोलबजारको संयुक्त प्रहरी टोलीले सिरहा नगरपालिका–२१ लकडिगोठबाट ९२.३ ग्राम ब्राउनसुगर सहित उनीहरूलाई नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार चेकजाँचका क्रममा लागूऔषधसहित फेला परेपछि तस्करको समूहले पक्राउबाट बच्न अचानक प्रहरी टोलीमाथि ढुङ्गामुढा प्रहार गरेको थियो ।
प्रहरीलाई आक्रमण गर्दै उनीहरू सीमापारि भारततर्फ भाग्न खोजेपछि प्रतिरक्षा र तस्करलाई रोक्न प्रहरीले सुरुमा एक राउण्ड हवाई फायर गरेको थियो । त्यसपछि पनि आत्मसमर्पण नगरेपछि प्रहरीले चलाएको एक राउण्ड गोली लागेर एक तस्कर घाइते भएका छन् । गोली लागेर भारतको बिहार, मधुवनी जिल्ला पदमाहा ग्राम पञ्चायत–२ जोगिया टोल निवासी अन्दाजी २८ वर्षीय छोटु भनिने रञ्जित कुमार पासवान घाइते भएका हुन् । उनको खुट्टामा गोली लागेको छ ।
सोही झडप र ढुङ्गामुढाका क्रममा इलाका प्रहरी कार्यालय महेशपुरपतारमा कार्यरत प्रहरी जवान हृदय नारायण ठाकुर पनि घाइते भएका छन् । घाइते भएका तस्कर पासवान र प्रहरी जवान ठाकुर दुवै जनाको यतिबेला प्रादेशिक अस्पताल सिरहामा उपचार भइरहेको छ ।
प्रहरीले घटनास्थलबाट ढुङ्गामुढा प्रहार गरी भाग्न खोज्ने भारत, मधुवनीकै अन्दाजी १७ वर्षीय रमन कुमार पासवानलाई समेत नियन्त्रणमा लिएको छ ।

# टिपरको आतँक विरुद्ध स्थानीय आन्दोलित

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा टिप्परको कारण सडकको दुर्दशा तथा लगातार भइरहेका दुर्घटनाको विरोधमा स्थानीय आन्दोलमा उत्रिएका छन् । गरुडा–समनपुर सडकखण्ड अन्तर्गत चाँदी पुल नजिक सोमबार बिहानदेखि स्थानीयले सडक अवरुद्ध गर्दै चक्काजाम गरेका हुन् ।
बिहान ६ बजेदेखि सुरु भएको आन्दोलनका कारण दर्जनौं सवारी साधन बाटोमै रोकिएका छन् भने यात्रुहरू गन्तव्य स्थानतर्फ पुग्न सकेका छैन । स्थानीयका अनुसार क्रसर उद्योगसँग सम्बन्धित टिप्परहरूले क्षमताभन्दा बढी भार बोकेर नदीजन्य पदार्थ ढुवानी गर्दा गरुडा–समनपुर सडकखण्ड जीर्ण बनेको छ । सडकको अवस्था दिनप्रतिदिन बिग्रँदै जाँदा दुर्घटनाको जोखिम समेत बढेकाले टिप्पर आतंक रोक्न आन्दोलनमा उत्रिनु परेको बताएका छन् । स्थानीयले प्रहरी प्रशासनको प्रभावकारी निगरानी अभाव तथा अवैध रूपमा सञ्चालित क्रसर उद्योगप्रति मौन समर्थन रहेको आरोप समेत लगाएका छन् ।

# अतिक्रमित सडक खाली गर्न सडक डिभिजन कार्यालयको पुनः सूचना




**मधेशदृष्टि**
**वीरगंज।**
त्रिभूवन राजपथ अन्तर्गत वीरगंज महानगर क्षेत्रको सडक अतिक्रमण खाली गर्ने बारे सडक डिभिजन कार्यालय हेटौंडाले सोमबार फेरी अर्को सुचना जारी गरेको छ। डिभिजन प्रमुख किरण कार्कीद्वारा हस्ताक्षरित सुचनामा त्रिभुवन राजपथको सिर्सिया मितेरी पुलदेखि बहुअरी गण्डक चोक सडक खण्डमा, सडकको केन्द्र रेखाबाट दायाँ बायाँ २५–२५ मिटर सडक सीमा तत्काल खाली गर्न तथा नीजि भवन, संरचनाहरू हटाउन आग्रह गरिएको छ।
बैशाख ६ गतेबाट सडक सीमा खाली गराउने अभियान प्रारम्भ भइसकेको स्मरण गराउँदै जारी सार्वजनिक सुचनामा, क्षतिग्रस्त भवनमा हालसम्म पनि बसोबास र व्यापार गरिरहेको बुझिएकोले उक्त जोखिमयुक्त भवनहरूमा बसोबास नगर्न तथा व्यापार व्यवसाय सञ्चालन नगर्न अनुरोध गरिएको छ। कुनै अप्रिय घटना घटेमा निज स्वयम् जिम्मेवार हुनु पर्ने भन्दै सचेत गराएको छ।
सडक सीमा भित्रका संरचनाहरु सरोकारवालाहरु स्वयमले भत्काई सहयोग गरेकाहरू प्रति डिभिजन कार्यालयले धन्यावाद ज्ञापन गरेको छ । बाँकी रहेका संरचनाहरु पनि छिटो भन्दा छिटो स्वस्फूर्त आफै खालि गरी सडक सीमासंरक्षण कार्यमा सहयोग गरि व्यवस्थित सडक निर्माण गर्न सहयोग गरिदिनुहुन अनुरोध गर्दै सूचनालाई बेवास्ता गरी सडक सीमा खालि नगरेमा यस डिभिजनबाट सडक ऐन, २०३१ बमोजिम सडक सीमा संरक्षण कार्य अन्तर्गत सडक सीमा भित्र रहेका संरचनाहरू हटाइने समेत जानकारी गराएको छ।

# छिपहरमाई गापामा डिजिटल हाजिरी प्रणाली लागू, कर्मचारीको उपस्थिति अब मन्त्रालयबाटै निगरानी हुने



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको छिपहरमाई गाउँपालिकाले कर्मचारीको नियमितता, अनुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन डिजिटल हाजिरी प्रणाली लागू गरेको छ । गाउँपालिकाको कार्यालयमा जडान गरिएको उक्त प्रणालीको सिधा कनेक्सन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको सूचना तथा प्रविधि शाखासम्म जोडिएको गाउँपालिकाले जनाएको छ ।
गाउँपालिका अध्यक्ष मनोजकुमार गुप्ताले अब कर्मचारीहरूले परम्परागत हाजिरी रजिस्टरमा हस्ताक्षर गर्नुको सट्टा डिजिटल माध्यमबाट हाजिरी गर्नुपर्ने व्यवस्था लागू गरिएको बताए । प्रविधिमैत्री प्रशासन निर्माण गर्ने उद्देश्यले डिजिटल हाजिरी प्रणाली सञ्चालनमा ल्याइएको उनको भनाइ छ । नयाँ व्यवस्थाअनुसार कर्मचारीहरूले कार्यालय प्रवेश गर्दा बिहान ९ बजेको १५ मिनेटभित्र आफ्नो औंठाछाप (फिंगरप्रिन्ट) मार्फत हाजिरी दर्ता गर्नुपर्नेछ । तोकिएको समयपछि प्रणाली स्वतः बन्द हुने भएकाले समयमै हाजिर नभएका कर्मचारीको उक्त दिनको हाजिरी रोक्का गरिने तथा आवश्यक कारबाहीको दायरामा ल्याइने अध्यक्ष गुप्ताले चेतावनी दिएका छन् ।डिजिटल हाजिरी प्रणालीअन्तर्गत कर्मचारीहरूले दैनिक दुईपटक हाजिरी दर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ । नेपाल सरकारको प्रचलित नियमअनुसार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कार्यालयमा उपस्थित भई सेवाग्राहीको कामकाज गर्नुपर्ने भएकाले सोही अनुरूप कार्यसम्पादन गर्न कर्मचारीहरूलाई निर्देशनसमेत दिइएको छ ।
गाउँपालिकाका अनुसार डिजिटल हाजिरी प्रणालीको विवरण संघीय मामिला मन्त्रालय अन्तर्गतको सूचना तथा प्रविधि शाखासम्म प्रत्यक्ष रूपमा पुग्ने व्यवस्था गरिएको छ । यसका कारण मन्त्रालयले समेत गाउँपालिकाका कर्मचारीहरूको उपस्थिति तथा नियमितताको अनुगमन गर्न सक्नेछ । स्थानीय तहमा सुशासन, पारदर्शिता र जवाफदेहितालाई थप मजबुत बनाउन डिजिटल हाजिरी प्रणाली प्रभावकारी माध्यम बन्ने विश्वास गाउँपालिकाले व्यक्त गरेको छ ।

## सम्पादकीय

## मनसुन आयो, राहत आएनः

# मधेशको बढ्दो गर्मी र राज्यको जिम्मेवारी

नेपालमा मनसुन औपचारिक रूपमा भित्रिसकेको छ । सामान्यतया मनसुनको आगमनसँगै तापक्रम घट्ने, मौसम शीतल बन्ने र जनजीवनले केही राहत महसुस गर्ने अपेक्षा गरिन्छ । तर यस वर्ष मधेश प्रदेशका बासिन्दाले मनसुनको अनुभूति गर्न पाएका छैनन् । पर्याप्त वर्षा नहुँदा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ र अत्यधिक गर्मीले जनजीवन अस्तव्यस्त बनेको छ । मनसुन प्रवेश गरिसकेपछि पनि मधेशका नागरिकले राहतको साटो थप सास्ती भोग्नुपरेको अवस्था चिन्ताजनक छ । गर्मीको प्रत्यक्ष असर सबैभन्दा बढी विपन्न र श्रमजीवी वर्गमा परेको छ । दैनिक ज्यालादारी गर्ने मजदुर, किसान, ठेला चालक, कुली, फुटपाथ व्यवसायी तथा साना व्यापारीहरू चर्को घामका बीच पनि काम गर्न बाध्य छन् । उनीहरूका लागि गर्मीबाट जोगिन घरभित्र बस्ने विकल्प छैन, किनकि एक दिन काम नगरे परिवारको चुलो बल्न सक्दैन । यस्तो अवस्थामा जीविकोपार्जन र स्वास्थ्यबीचको कठिन संघर्ष उनीहरूको दैनिकी बनेको छ।

अत्यधिक गर्मीले स्वास्थ्य क्षेत्रमा समेत गम्भीर चुनौती थपेको छ । अस्पतालहरूमा ज्वरो, टाउको दुख्ने, रिंगटा लाग्ने, झाडापखाला तथा शरीरमा पानीको कमी हुने बिरामीको संख्या बढिरहेको छ । अझ चिन्ताजनक पक्ष भनेको सर्पदंशका घटनामा आएको वृद्धि हो । गर्मीका कारण सर्पहरू बासस्थानबाट बाहिर निस्कने क्रम बढ्दा ग्रामीण क्षेत्रका नागरिक थप जोखिममा परेका छन् । नारायणी अस्पताललगायत मधेशका विभिन्न स्वास्थ्य संस्थाहरूमा दैनिक सर्पदंशका बिरामी पुग्नु यस समस्याको गम्भीर संकेत हो । यो समस्या केवल मौसमको असामान्य अवस्थासँग मात्र जोडिएको छैन । यसमा दीर्घकालीन वातावरणीय संकट र जलवायु परिवर्तनको प्रभाव स्पष्ट देखिन्छ । पछिल्ला वर्षहरूमा मधेशमा गर्मीको अवधि लम्बिँदै गएको छ भने तापक्रम पनि नयाँ रेकर्डतर्फ उन्मुख छ । वन विनाश, जलस्रोतको क्षय, अव्यवस्थित शहरीकरण तथा प्राकृतिक सम्पदामाथिको अतिक्रमणले तापक्रम वृद्धिलाई थप तीव्र बनाएको छ।

यस्तो अवस्थामा राज्यको भूमिका केवल सचेतना सन्देश जारी गर्नेमा सीमित हुनु हुँदैन । स्थानीय, प्रदेश र संघीय सरकारबीच प्रभावकारी समन्वय गरी गर्मीजन्य विपद् व्यवस्थापनका लागि विशेष कार्ययोजना आवश्यक छ । अस्पतालहरूमा पर्याप्त औषधि, सर्पदंश उपचार सामग्री र स्वास्थ्यकर्मीको व्यवस्था गर्नुपर्छ । सार्वजनिक स्थानहरूमा खानेपानी, शीतल विश्रामस्थल तथा प्राथमिक उपचार सेवाको व्यवस्था गर्न सकिए सर्वसाधारणलाई तत्काल राहत मिल्न सक्छ । विद्युत् आपूर्तिमा देखिएको समस्या पनि अर्को गम्भीर चुनौती बनेको छ । गर्मी बढेसँगै पंखा, कूलर तथा अन्य विद्युतीय उपकरणको प्रयोग बढ्दा विद्युत् खपत उच्च भएको छ । तर बारम्बारको विद्युत् अवरोधले नागरिकलाई थप कष्ट दिएको छ । यस्तो अवस्थामा ऊर्जा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनु सम्बन्धित निकायको दायित्व हो । दीर्घकालीन समाधानका लागि वातावरण संरक्षणलाई प्राथमिकतामा राख्नैपर्छ । वृक्षारोपण अभियानलाई केवल औपचारिकतामा सीमित नराखी रोपिएका बिरुवाको संरक्षणमा विशेष ध्यान दिन आवश्यक छ । चुरे क्षेत्रको संरक्षण, पोखरी तथा जलस्रोतहरूको पुनर्जीवन, हरित क्षेत्र विस्तार र प्राकृतिक सम्पदाको दिगो व्यवस्थापनले तापक्रम नियन्त्रणमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्छ । आज मधेशले भोगिरहेको अत्यधिक गर्मी केवल मौसमी समस्या होइन, यो जलवायु संकट, वातावरणीय असन्तुलन र कमजोर पूर्वतयारीको संयुक्त परिणाम हो । यदि अहिले नै प्रभावकारी कदम चालिएन भने आगामी वर्षहरूमा यसको असर अझ भयावह बन्न सक्छ । त्यसैले नागरिकको स्वास्थ्य, जीविकोपार्जन र जीवन सुरक्षालाई केन्द्रमा राखेर सरकार, सरोकारवाला निकाय र समुदाय सबैले साझा जिम्मेवारीका साथ अघि बढ्नुपर्ने समय आएको छ । मनसुन आएपनि राहत नआएको मधेशको वर्तमान अवस्थाले यही सन्देश दिइरहेको छ।

# जोरायले बासमती धानले पाउँदैछ लोकप्रियता



**विमलबहादुर विष्ट**

काठमाडौँ।

सुदूरपश्चिम प्रदेशमा प्रसिद्ध जोरायले बासमती धानको संरक्षण गर्दै यसको प्रचारप्रसारमा बढ्न थालेपछि जोरायल गाउँपालिका–६ चित्रराज भट्ट यतिबेला यस प्रजातिको धान रोप्न आतुर देखिन्छन् । विभिन्न सङ्घसंस्था तथा स्थानीय सरकारको पहलमा संरक्षण अभियान थालनी भएपछि यस धानको खेतीतर्फ भट्टलगायतका किसान आकर्षित भएका हुन् । पालिकास्थित रावतकट्टे, चनकट्टे, हाट, सिलङ्गीबाग, थापली, स्याला, पिपलकण्डेलगायतका ठाउँका किसानहरु यतिबेला धमाधम खेत रोपाइँमा व्यस्त देखिन्छन् । जिल्लाको जोरायल गाउँपालिका–३ र ४ का उपत्यका क्षेत्रमा मात्रै लगाइने यो धान पछिल्लो समय बासमती धान लोप हुने अवस्थामा थियो । यस धानको चामलको भात पकाउँदा निकै मिठो बास्ना आउने तथा अरु विभिन्न परिकार पनि बनाउन मिल्ने भएकाले यस धानको चामल निकै लोकप्रिय मानिँदै आएको छ । यहाँका स्थानीयवासीले यस प्रदेशभन्दा बाहिर पनि यसको चर्चा पु¥याउन र उचित संरक्षण र विस्तारका लागि आग्रह गरेका छन्।

जोरायले बासमती धान संरक्षणका लागि गाउँपालिकाले पनि विभिन्न कार्यक्रम अघि सारेको गाउँपालिका अध्यक्ष दुर्गा ओझाले बताए । उनले भने, 'सुदूरपश्चिममा उत्कृष्ट मानिएको जोरायले बासमती संरक्षणका लागि हामीले पालिकाको बजेटबाट विभिन्न कार्यक्रम पनि अघि सारेका छौँ, अब जिल्लाका अन्य क्षेत्रमा पनि उत्पादनका लागि पहल गर्नेछौँ ।' वैदिककालदेखि नै सुदूरपश्चिमको जोरयालमा मात्रै जोरायले बासमती धानको खेती गर्न थालिएको धान बालीसम्बन्धी जानकारहरू बताउँछन् । यसै धानको नामबाट यस पालिकाको नामकरण भएको बताइएको छ । पछिल्ला वर्षहरुमा भने जुम्लाको कालीमार्सीको चर्चा बढेजस्तै आफ्नो भेगमा उत्पादन हुने जोरायले पनि लोकप्रियता पाउनेमा उनी विश्वस्त देखिन्छन् । यो धान धेरै गर्मीमा भन्दा पनि कम नै तापक्रममा हुने तथा समथल ठाउँमा मात्रै उत्पादन हुने गर्दछ । जोरायले बासमती धान सुदूरपश्चिमकै उत्कृष्ट र मसिनो तथा खाँदा बास्नादार चामल हुने भएकाले सुदूरपश्चिममा उक्त धानको निकै माग हुने गरेको जोरायल–५ का स्थानीय डम्मर विष्टले जानकारी दिए।

नेपालमा पाइने विभिन्न किसिमका बासमती धानभन्दा फरक खालको यो धान भएकाले यसलाई निकै महत्वका साथ हेरिने गरेको पाइएको कृषि ज्ञान केन्द्र डोटीका निमित्त कार्यालय प्रमुख गङ्गादत्त अवस्थीले बताए । उनले भने, 'नेपालमा थुप्रै किसिमका बासमती धान छन्, तर जोरायल क्षेत्रमा मात्रै उत्पादन हुने बासमती धानको आफ्नै महत्व छ, यसले स्वास्थ्यमा राम्रो प्रभाव पार्ने भएकाले पनि यसको महत्व अधिक छ, यसको संरक्षण गर्नु जरुरी भएको छ ।' अघिल्ला वर्षमा जोरायले बासमती धान उत्पादन केही घटेको भएपनि चालु आर्थिक वर्षमा धान उत्पादन बढेको थियो । मौसमले साथ दिए यो वर्ष पनि धान उत्पादन बढ्ने प्रदेश कृषि विकास निर्देशनालय दिपायल राजपुरका कृषि प्राविधिकहरुको अनुमान रहेको छ । जोरायले बासमतीसँगै यहाँका किसानले मार्सी, थापाचिनी, गुर्रा, ठेसे, हङ्सराज र पालपाली धान समेत लगाउँदै आएका छन्।

यस वर्ष भने जोरायले बासमती चामल यो वर्षको जेठ ५ गतेदेखि नै रोप्न आरम्भ भएको स्थानीयवासी बताउँछन् । मनसुन सुरु भएसँगै यहाँका सिँचाइ सुविधा पुगेका ठाउँमा उक्त धान रोपाइँ सुरु भएको हो । खोला किनारमा रहेका फाँटहरुमा जोरायले बासमती धान रोपाइँ गर्न थालिएको जोरायल गाउँपालिका–३ का वडाध्यक्ष नवीन ओझाले जानकारी दिए । उनले भने, 'यो वर्ष समयमै बर्सात भएको छ, अहिले हामी धान रोप्न थालेका छौँ, रोपिसकेपछि पनि यो धानलाई पानी बढी चाहिने भएकाले यो वर्ष मौसम राम्रो भएमा उत्पादन बढ्ने आशा गरेका छौँ ।' यहाँका कम्तीमा पनि आठ सय हेक्टर जमिनमा उक्त जोरायले बासमती धानखेती हुने गरेको कृषि ज्ञान केन्द्र सिलगढी डोटीले जनाएको छ । प्रदेश कृषि विकास निर्देशनालय दिपायल राजापुरका महानिर्देशक खगेन्द्रप्रसाद शर्माले यो वर्ष पानी चाँडै पर्न थालेकाले जोरायले बासमती धान रोपाइँ पनि छिटो भएको बताए । उनले भने, 'सिँचाइ सुविधासँगै यो वर्ष समयमै वर्षात् भएको छ, किसानलाई जोरायले बासमती धान रोप्न चटारो भएको छ ।'

नेपालको विभिन्न स्थान, तराई र केही पहाडी भू–भागमा अझैपनि स्थानीय जातका बासमती धान लगाइने चलन रहेको जोरायलका अर्का स्थानीय मीनबहादुर ओली बताउँछन् । बासमती धान ढिलो पाक्ने, कम फल्ने र राष्ट्रिय उत्पादनमा खासै योगदान नगर्ने हुँदा जति चर्चा हुनुपर्ने हो, त्यति नभएको उनको भनाइ छ । बासमती धान व्यापारी प्रयोजनका लागि नभई यहाँका अधिकांश किसानले आफँैले खानकै लागि मात्रै खेती गर्ने चलन बढी भएका कारण यो धानको खासै चर्चा हुन नसकेको जोरायल गाउँपालिका–५ की स्थानीय दुर्गादेवी विष्ट बताउँछिन् । उनले भनिन्, 'जोरायले बासमती धान व्यापारी प्रयोजनका लागि नलगाई आफ्नै लागि लगाउने चलन बढी छ, बिक्री वितरण कमै गरिने भएकाले पनि यसको चर्चा र प्रचार हुन सकेको छैन ।' यहाँ उत्पादन हुने जोरायले बासमती चामल नेपालसहित छिमेकी मुलुक भारतका विभिन्न सहरमा पनि केही वर्षयता बिक्रीका लागि पठाउने गरिएको छ । यसको मूल्य प्रतिकेजी १२० पर्ने गरेको व्यापारीहरु बताउँछन्।

पछिल्लो समय जोरायल क्षेत्रमा मात्रै उत्पादन हुने बासमती धान लोप हुने खतरा बढेकाले त्यसको संरक्षणका लागि सबै तह र तप्काबाट लाग्नुपर्ने यहाँका किसानहरुको माग रहेको छ । जोरायले बासमती संरक्षणका लागि स्थानीय स्तरबाट पहल भएपनि यस प्रयासले खासै ठोस रुप लिन सकेको छैन । ढिलो पाक्ने भएकाले र यसको व्यापारिक केन्द्र नतोकिएका कारण पनि किसानहरु यो धान लगाउन नमान्ने गरेको जोरायल गाउँपालिका–४ की अर्की स्थानीय किसान लक्ष्मी ओलीले बताइन् । उनका अनुसार यो धान अन्य धानभन्दा कम्तीमा पनि एक महिना ढिलो पाक्ने गरेका कारण पनि समस्या हुँदै आएको छ । उनले भनिन्, 'अन्य धान छिटो पाक्छ र समयमै किसानले भित्र्याउँछन्, यो ढिलो पाक्ने भएकाले खेर जाने डरले किसानले लगाउन मान्दैनन्, बर्सेनि धान लगाउने किसानको संख्या बढ्नुको साटो घट्दै जान थालेको छ ।' तर स्वाद र गुणका कारण यसको माग भने दिन प्रतिदिन बढ्दैछ । काठमाडौँमा नै केही वर्षयता कालीमार्सी धानको चर्चा सुरु भयो र माग बढ्यो, त्यसैगरी सुदूरपश्चिम क्षेत्रमा पनि जोरायले बासमतीको माग बढ्दै गएको पाइएको छ।

यस वर्ष समयमै पानी पर्न थालेपछि डोटीमा रोपाइँ सुरु भएको छ । स्वाद, सुगन्ध र गुणस्तरका कारण देशभर लोकप्रिय यस धानको रोपाइँ यस वर्ष प्रविधिमैत्री शैलीमा थालिएको हो । यसपालि परम्परागत गोरु जोत्ने पद्धतिको सट्टा धेरै किसानले मिनिटिलर प्रयोग गरेर खेत तयारी गरेका छन् । यान्त्रिक प्रयोगले खेत छिटो जोत्न सकिने, श्रम घट्ने र लागत कम हुने भएकाले कृषकहरू प्रविधिप्रति उत्साहित देखिएका छन् । गाउँमा खासगरी गोरु र मजदुरको अभाव भएको बेला हातेट्र्याक्टर प्रयोग गरेर खेत जोत्दा श्रम कम, सस्तो र समय पनि बचत हुने भएकाले विस्तारै किसानहरु यसतर्फ आकर्षित भएको कृषक भक्तराज अवस्थी बताउँछन् । उनका अनुसार बासमती धान रोपाइँसँगै डोटीका बोगटान फुड्सिल गाउँपालिका, बडिकेदार, केआइसिंहलगायतका विभिन्न ठाउँमा पनि हातेट्र्याक्टर प्रयोग गरेर रोपाइँ गर्न थालिएको छ । डोटी जिल्लामा ३२ हजार दुई सय ७६ हेक्टर क्षेत्रफल जमिन खेतीयोग्यमध्ये करिब २५ हजार पाँच सय हेक्टर क्षेत्रफलमा खेती गर्दै आए पनि १० हजार छ सय ८० हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको कृषि ज्ञान केन्द्र डोटीका निमित्त कार्यालय प्रमुख अवस्थीले बताए । जिल्लाका अधिकांश पाखा खेतमा भने साउनसम्म पनि रोपाइँ हुने गर्दछ । जिल्लाका किसानले राघा, सुक्का तिन, हल्दीनाथ, खुमल, पाल्पाली, कुसुम, राधा चार, झिनुवा, मार्सी बाँकी स्थानीय जातका धान लगाउँदै आएका छन् ।नेपालमा कम्तीमा चार वटा जङ्गली प्रजातिका धान र रैथाने जात पनि प्रचुर मात्रामा पाइने गरेको बताइएको छ । जुम्लामा मार्सी, बारा, सुनसरी, झापालगायत पूर्वी तराई क्षेत्रमा लल्का बासमती, पोखरामा जेठो बुढो, कपिलवस्तु क्षेत्रमा काला–नमक, दाङ क्षेत्रमा तिल्की तथा डोटीको जोरायल क्षेत्रमा फल्ने जोरायले बासमती नेपालका प्रचलित धान भएको सुदूरपश्चिम कृषि निर्देशनलाय दिपायल राजपुरको तथ्याङ्कमा उल्लेख गरिएको छ । त्यसबाहेक बारामा अनदी बासमती, झापा, मोरङ र सुनसरीमा छोटी, कनक जिरा, जोरपाल र कालो टुन्डे, बासमती, सुनसरीमै गोला, झापालगायत केही पूर्वी जिल्लामा कालो बासमती, डडेल्धुरामा डाँडा बासमती, दोलखामा आँपझुत्ते बासमती धान चलन चल्तीमा रहेको निर्देशनालयले जनाएको छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत रहेको राष्ट्रिय जीन बैंकको तथ्याङ्कमा बाजुरा, मुस्ताङ, धादिङ, ललितपुर, डडेल्धुरा, बैतडी, नुवाकोट, बझाङ, रामेछाप, जुम्ला तथा डोटीलगायत जिल्लाका किसानबाट सङ्कलन गरिएका मसिनो, डाँडा, झिनुवा, हंसराज, कालो बासमतीलगायत नाम गरेका धानका जातहरू उल्लेख गरिएको छ । स्थानीय बासमती जातका धानलाई अन्तरराष्ट्रिय रूपमा धानको अनुसन्धान गर्ने संस्था–इरीलगायत संसारका थुप्रै जीन बैंकमा सन् १९७० र १९८० दशकतिरै नेपाललाई आवश्यक पर्दा पाउने गरी सङ्कलन र संरक्षण गरी राखिएको विभिन्न अध्ययनहरुमा उल्लेख गरिएको पाइन्छ । बासमती आँपझुत्ते, असामिया, गोल, लामो, मसिनो, नोखी, पहाडे, रातो, उजर्का, सेतो, डाँडा, कालो, मसिनो, रातो, सेते÷सेतो बासमती यसैका उदाहरण भएको बताइएको छ । यी धानहरु राष्ट्रिय र अन्तरराष्ट्रिय जीन बैंकमा नेपालको रैथाने 'बासमती' धानका नामबाटै संरक्षण भएर रहेकाले नेपालले बासमती नाममाथि अन्तरराष्ट्रिय समुदायमा आफ्नो पनि अधिकार दाबी गर्ने बलियो प्रमाण भएको कृषिविज्ञहरु बताउँछन् । रासस

# मानसिक तनाव झेल्दै सिकलसेलका बिरामी

**दुर्गा देवकोटा**

कैलाली।

सिकलसेल थालासेमियाबाट लामो समयदेखि बिरामी रहेकी कैलालीको टीकापुर–७ की अनुपा चौधरी सानैदेखि विभिन्नखाले समस्या भोगिरहेकी छिन् । आर्थिक हिसाबले राम्रै परिवारमा हुर्किएकी अनुपालाई सानो हुँदा परिवारले धेरै उपचार गरे । जति उपचार गर्दा पनि निको नभएपछि बाँकेको नेपालगन्ज उपचारमा गएका भेरी अस्पताल नेपालगन्जका कन्सल्टेन्ट फिजिसियन सिकलसेल एनिमियाको क्लिनिकल प्रोटोकल डेभलपमेन्ट विज्ञ डा. राजन पाण्डे भेटेपछि सिकलसेल थालासेमिया भएको थाहा भयो र उपचार सुरु भयो । लामो समयदेखि उपचार गरिरहेकी अनुपाले नियमित रगत चढाउनुपर्ने, उपचारमा अस्पताल बस्नुपर्ने समस्याले विगतमा धेरै मानसिक तनाव भोग्नुपर्यो । 'सुरुमा मलाई के समस्या छ भन्ने पत्ता लगाउनै मुस्किल भयो, बुबा शिक्षक भएकाले हरेक पटक स्वास्थ्य समस्या हुँदा उपचारका लागि भारत लैजानुहुन्थ्यो', अनुपा सम्झन्छिन्, 'म नियमित बिरामी हुँदा परिवारका सदस्यलाई पनि तनाव धेरै भयो । धेरै वर्ष भारतमा उपचार गरे पनि रोग पत्ता लागेको थिएन । डा पाण्डे भेटेपछि मात्र मेरो रोग निदान भयो ।'

त्यसपछि सेती अञ्चल अस्पताल र नेपालगन्ज भेरी अस्पतालबाट अनुपाले सेवा लिन थालिन् । परिवारलाई केही राहत भयो । 'जतिबेला शरीरमा दुखाइ हुन्छ, हातखुट्टाका हड्डी तथा जोर्नी, ढाड कम्मर, छाती, पेट, हातखुट्टाका औला सुन्निने दुख्ने, काँध, घुँडा, कुर्कुच्चामा पनि सहनै नसकिने दुखाइ हुन्छ', उनी भन्छिन्, 'सिकलसेल क्राइसिसका बेला यस्तो दुखाइ हुने रहेछ, यस्तो भएमा तुरुन्त अस्पताल हिँडिहाल्छौँ । हामीलाई साथ दिने परिवार चाहिन्छ ।' यस्तो पीडामा अनुपालाई बुझिदिने जीवनसाथी साथमा छन् । अनुपा सिकलसेल थालासेमियाको बिरामी हुन् भन्ने थाह हुँदाहुँदै पनि उनका श्रीमान्ले उनीसँग विवाह गरे । हाल उनीहरू सन्तान जन्माउनका लागि चिकित्सकसँग परामर्शमा छन् । 'मैले म रोगी हो, मैले जन्माएका सन्तान पनि रोगी हुन्छन्, विवाह नगरौँ भने, उनले म माया गर्छु, साथ दिन्छु, विवाह गरौँ भने', अनुपा सम्झन्छिन्, 'मेरो परिवारसँग बसेर सल्लाह भएपछि विवाह भयो ।'

रोग र भोगाइबाट परिपक्व भएकी अनुपा अहिले सिकलसेलका बिरामीलाई परामर्श दिने र हौसला दिने काम गरिरहेकी छिन् । चिकित्सकका अनुसार सिकलसेल विवाह कुण्डलीका अनुसार आमा सिकलसेल थालासेमिया भएको र बुबा पूर्ण रूपमा निरोगी भएमा बच्चा निरोगी जन्मने सम्भावना हुन्छ । 'बच्चाले आमाबाट असामान्य जीन पाउन सक्छ, त्यसैले केही बच्चावाहक जन्मन सक्छन्', टीकापुर अस्पतालमा एमडी फिजिसियन डा सरोज खनाल भन्छन्, 'वाहक भएमा समस्या हुँदैन तर रोगी भएमा नियमित उपचार गर्नुपर्छ ।'

अर्का बिरामी टीकापुर नगर समितिका अध्यक्ष लालबहादुर चौधरीको जीवन युवावस्थामा निकै रमाइलो थियो । साथीभाइ जम्मा हुने, गाउँमै खसी, बाख्रा काट्ने र समूहमा बसेर खाने गर्थे । विसं २०७२ मा लालबहादुर निकै बिरामी परे । धेरै अस्पतालमा उपचार गराए तर निको भएन । उनी पनि नेपालगन्ज उपचारमा गएपछि सिकलसेल भएको थाहा पाए । सिकलसेल थालासेमिया भएको थाहा पाएपछि एउटै थालमा खाना खाने लालबहादुरका साथी सबै टाढिए । उनीहरूले दुव्र्यवहार गर्न थाले । लालबहादुरले समाज र साथीभाइको दुव्र्यवहारका कारण तीनपटकसम्म आत्महत्याको प्रयास गरे । 'सिकलसेलका बिरामीलाई त्यो बेला अपराधीजस्तै व्यवहार गरिन्थ्यो, यसकै गल्तीले रोग लागेको हो भन्थे', लालबहादुर भन्छन्, 'मैले बाँच्छु सोचेकै थिएन । हरेक महिना अस्पताल भर्ना हुनुपर्ने भएपछि जीवन सकिदिउँजस्तो लाग्थ्यो । मलाई मानसिक स्वास्थ्य समस्या भयो ।'

लालबहादुर धेरै मानसिक तनावमा भएका बेला शारीरक र मानसिक रूपमा गल्दै गरेको देखेर एउटा साथीले सम्हाले, सम्झाएँ । उनी सम्हालिएर र आजभोलि सिकलसेल अभियन्ताका रुपमा समाजमा काम गरिरहेका छन् । 'अब मेरो जीवनको उद्देश्य मजस्तो मानसिक तनाव कसैलाई नहोस् भन्ने हो', उनी भन्छन्, 'रोगले धेरै गलायो, गलेर उठेपछि अभियन्ता बनेको छु ।' धेरै पीडा र समस्या झेलेका लालबहादुरले पछि सङ्गठित हुनुपर्छ र सबैका समस्या समाधानमा सघाउनुपर्छ भनी टीकापुर सिकलसेल समिति गठन गरे । जसले लालबहादुरजस्ता समस्या भएका धेरै जना भेटिए । बैठकमा छलफल गर्ने, समस्यामा रहेकालाई मनोपरामर्श दिने, उपचारका लागि सघाउने कार्य सुरु भयो । लालबहादुर आजभोलि समुदायमा बिरामीलाई परामर्श दिने, उपचार पक्रियाबारे जानकारी दिने, अस्पतालमा आउन नसक्नेलाई अस्पताल ल्याउने र चिकित्सकसँग सल्लाह लिने काम गर्छन्।

टीकापुरमा ३०० बढी सिकलसेल सङ्क्रमित छन् । पालिकाले सिकलसेलका बिरामीको निदान र सहज उपचारका लागि यसै वर्षबाट सिकलसेल सहरी स्वास्थ्य प्रवद्र्धन तथा सिकलसेल केन्द्र सञ्चालनमा ल्याएको छ । कैलालीमै छुट्टै उपचार सेवा केन्द्र खोलने टीकापुर पहिलो पालिका हो । टीकापुरका जनस्वास्थ्य निरीक्षक केवलसिंह सार्कीका अनुसार टीकापुरमा दुई हजार नागरिकको स्वास्थ्य परीक्षण गर्दा ३०० बढी सङ्क्रमित फेलापरेका छन् । जसमा ८० जना कडा खाल (सिकलसेल थालासेमिया)का बिरामी छन् । बाँकी वाहक हुन् । 'पालिकाले केही दिनअघि एक हजार विद्यार्थीका स्वास्थ्य परीक्षण गरेको छ । त्यसको नतिजा आउन बाँकी छ', उनी भन्छन्, 'थारू जातिमा बढी देखिने यो रोग परीक्षण गरेका १५ प्रतिशतलाई देखिन थालेको छ ।'

सार्कीका अनुसार पालिकाले बिरामीको निदान र उपचार सहजताका लागि काम गरिरहेको छ । यसका साथै बिरामीको निःशुल्क स्वास्थ्य बिमामा सघाउने गरेको छ । टीकापुर नगरपालिका सामाजिक विकास समितिका संयोजक लालवीर चौधरी थारू समुदायमा सिकलसेल समस्या बढी देखिएकाले पालिकाले प्राथमिकता दिएर छुट्टै सिकलसेल केन्द्र स्थापना गरेको, स्वास्थ्य बिमाजस्ता कार्यमा सघाइरहेका बताउनुहुन्छ । 'उनीहरूका मागका आधारमा अन्य कार्यक्रमसमेत गर्ने गरेका छौँ, उनीहरूलाई घरमै बसेर आयआर्जनसँग जोडिने खालका कार्यक्रम गर्ने योजना बनाइरहेका छौँ', उनी भन्छन्, 'घरमा एक जना बिरामी हुँदा त्यसको असर परिवारलाई नै पर्छ । त्यसैले आउँदा दिनमा यो रोगबाट बच्ने उपायबारे पनि सचेतना जगाउने काम भइरहेको छ ।' रासस

# रास्वपा महाधिवेशनः
# महिला र आदिवासीमा समावेशिताले ल्याएको उत्साह



**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विधान संशोधन गरी समावेशिताका आधारमा केन्द्रीय कमिटीमा प्रतिनिधित्व गराउने भएको छ ।

पार्टीको विधान संशोधन गरी समावेशी बनाउने प्रस्ताव केन्द्रीय समितिले पारित गरेपछि महाधिवेशनमा सहभागी महिला तथा आदिवासी प्रतिनिधिमा उत्साह थपिएको छ । विधान संशोधन प्रस्तावमा केन्द्रीय उपसभापति पदमा महिला अनिवार्य गरिएको छ । केन्द्रीय समितिका ९९ जनामध्ये प्रत्येक प्रदेशबाट पाँच जनाका दरले ३५ जना सदस्यलाई पूर्ण समावेशी बनाइएको छ । प्रत्येक प्रदेशबाट दुई जना महिला अनिवार्य हुनुपर्ने प्रावधान महाधिवेशनमा लगिँदै छ ।

प्रदेशमा उपस्थित जनसङ्ख्याको आधारमा गण्डकी र कोशी प्रदेशमा १–१ जना जनजाति तथा सुदूरपश्चिम र कोशी प्रदेशमा १–१ जना दलित अनिवार्य हुनुपर्नेछ । लुम्बिनी प्रदेशबाट एक जना थारु र मधेस प्रदेशमा मधेसी दलित अनिवार्य हुने गरी समावेशीताको सिद्धान्तलाई आत्मसात गरिएको छ । महाधिवेशनमा सहभागी प्रतिनिधिले समावेशिताको सिद्धान्तले सबै व्यक्तिलाई समान अवसर र सम्मान प्रदान गर्ने भन्दै खुसी व्यक्त गरेका छन् । विभिन्न पृष्ठभूमि, क्षमता र अनुभवह भएकालाई पार्टीमा सम्मानजनक उपस्थिति गराइ नीति निर्माण तहमा यस प्रावधानले पहुँच पु¥याउनेछ । कास्कीबाट प्रतिनिधित्व गर्दै महाधिवेशनमा आउनुभएकी पवित्रा थापाले समावेशीताको सिद्धानतलाई पार्टीले अघि बढाएकोमा खुशी व्यक्त गरेका छन् । उनले भने, रास्वपाले मात्र होइन, सबैले राजनीतिक दलले तह र क्षेत्रमा समावेशीतालाई अङ्गाल्नुपर्छ । समावेशितामा अझै सिमान्तकृत समुदायका विषय र सार्वजनिक न्यायका पक्षलाई मूलधारमा ल्याएर अघि बढ्नुपर्ने उहाँको सुझाव छ । थापाले भने, देशको आर्थिक तथा भौतिक विकासलाई अघि बढाउन यस्तो कार्यले सहयोग पुग्छ ।

मकवानपुरकी सुनिता राई समावेशिता समग्र रुपमा पार्टीको अवधारणाअनुसार नै आएको बताए । उनले भने, महिलालाई विशेष प्राथमिकता दिएको छ । पार्टीलाई अझै अघि बढाउनका लागि राम्रो भूमिका खेल्छ ।

समावेशिता र महिला सहभागिता वृद्धिले पार्टीलाई धेरै फाइदा पुग्ने बताउँदै उनले भने, पार्टीले विविधतापूर्ण जनमतलाई आकर्षित गर्न सक्छ, जसले गर्दा फराकिलो आधारमा समर्थन प्राप्त हुन्छ । सिन्धुलीका यमकुमार गोले प्रतिनिधिसभा सदस्यको गत निर्वाचनपछि रास्वपालाई ढुक्कका साथ काम गर्ने अवसर प्राप्त भएको जनाउँदै पार्टीले समावेशिताको मुद्दाका विषयमा उठेका आवाजलाई ध्यान दिँदै काम गर्नुपर्ने बताए ।

विधान संशोधन गरेर समावेशिता बढाउन लागेकोमा खुसी प्रकट गर्दै पार्टीमा जनजातिको सङ्ख्या ठूलो भएकाले अझै समावेशी सङ्ख्या बढाउनुपर्ने उहाँको सुझाव छ । नवलपरासीकी सुनिता केसी समावेशिताले पार्टीको छवि अझ बलियो हुने बताए । उनले भने, समाजको विविधतालाई यसले सम्मान गर्छ । समावेशितालाई प्राथमिकता दिने पार्टीहले न्याय, समानता र स्थिरता जस्ता मुद्दालाई अघि बढाएर दीर्घकालीन रूपमा बलियो राजनीतिक समर्थन पाउने उहाँको तर्क छ ।

महाधिवेशनका सहभागी सुकबहादुर तामाङ समानुपातिक समावेशिता सबै तिर मिलाउनुपर्ने बताएका छन् । पार्टीको विधानमा नै देशको कुना काप्चामा बस्नेको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । उनले भने,अन्यथा फेरि पहुँचवाला, सेटिङवाला र टाठोबाठोको हातमा ग¥यो भने भूगोल र मान्छे उही हुन् विगतको कमजोरी दोहरिने सम्भावना रहन्छ । स्याङ्जाका मेघबहादुर आले संविधानअन्तर्गत विधान हुनुपर्ने भन्दै बहुजाती, धर्म–संस्कृति, बहुसांस्कृतिक र बहुभाषा झल्कने गरी पार्टीको केन्द्रीय समिति बन्नुपर्ने बताए ।

रुपन्देहीकी पार्वती ढकाल देशको विकासका लागि समावेशिता अत्यन्तै आवश्यक पर्ने बताए । उनले भने, पार्टीले गरेको यो निर्णय राम्रो छ । स्वागत योग्य छ । देशको विकासका लागि जातजाति, भूगोल सबैलाई समेटेर लैजानुपर्छ । दैलेखका दिनेश राई पार्टीले समावेशिता लागू गरेर लग्यो भने देश निर्माण हुन्छ भन्नुहुन्छ । पार्टीले सबैलाई समेटेर अघि बढ्न सक्नुपर्ने उहाँको सुझाव छ ।

नेपालगञ्जकी लक्ष्मी तिवारी पार्टीले अघि बढाइएको समावेशितासम्बन्धी विषय असल अभ्यास भएकाले यसले दलको आन्तरिक जीवनमा सकारात्मक नतिजा प्रदान गर्ने विश्वास व्यक्त गरेकी छिन् । रासस

# शिक्षामन्त्रीद्वारा रास्वपा केन्द्रीय सदस्यमा उम्मेदवारी



**काठमाडौँ ।**
शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिने पक्का भएको छ । मन्त्री पोखरेलले सोमबार सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गर्दै पार्टीको केन्द्रीय सदस्य पद्मा उम्मेदवारी दिने घोषणा गरेका कारण उनको उम्मेदवारी निश्चित भएको हो ।

उनले केन्द्रीय सदस्य भएर पार्टीको सिद्धान्त, मूल्य र अभियानलाई थप सशक्त बनाउन भूमिका खेल्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सदस्य पदका लागि उम्मेदवारी दिएको जानकारी गराउन चाहन्छु, पार्टीको सिद्धान्त, मूल्य र अभियानलाई थप सशक्त बनाउन इमानदारीपूर्वक योगदान गर्ने प्रतिबद्धतासहित यहाँहरूको विश्वास र समर्थनको अपेक्षा गर्दछु, मन्त्री पोखरेलले फेसबुकमा पोस्ट गरेका छन् ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारमा शिक्षा तथा खेलकुद मन्त्रीको जिम्मेवारी सम्हालेका पोखरेल रास्वपाको तर्फबाट काठमाडौँ क्षेत्र नम्बर ५ बाट निर्वाचित सांसद छन् ।

निर्वाचनकै समयमा 'हट सिट' का प्रतिस्पर्धी पोखरेल निर्वाचन अभियान शैलीलाई लिएर सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा चर्चामा थिए । नेपाल सरकारको प्रवक्ताको समेत जिम्मेवारी सम्हालेका मन्त्री पोखरेल विषयवस्तुको गहिरो अध्ययन, स्पष्ट दृष्टिकोण र शालीन प्रस्तुतिले सबैमाझ लोकप्रिय छन् । रास्वपाको चितवनमा जारी पहिलो महाधिवेशनअन्तर्गत बन्द सत्रबाट प्रतिवेदन पास भएपछि मङ्गलबार निर्वाचन प्रक्रिया सुरु हुने जनाइएको छ । रासस

# उपभोक्ता मूल्य सूचकाङ्क सङ्कलन
# राष्ट्रिय तथ्याङ्क कार्यालयले गर्ने

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकले देशव्यापी रुपमा सङ्कलन गर्दै आएको उपभोक्ता मूल्य सूचकांक (सिपिआई) अब राष्ट्रिय तथ्याङ्क कार्यालयले सङ्कलन गर्ने भएको छ । मुद्रास्फीति मापन, आर्थिक नीति निर्माण, तलब तथा भक्ता समायेजन, जीवनयापन लागत मापन गर्न उक्त विवरण महत्वपूर्ण रहँदै आएको छ ।

केन्द्रीय बैंकले नियमित रुपमा उपभोक्ता मूल्य सूचकाङ्क तथा मुद्रास्फीतिसम्बन्धी तथ्याङ्क सार्वजनिक गर्दै आएको छ । राष्ट्रिय तथ्याङ्क परिषद्को सोमबारको बैठकले राष्ट्रिय तथ्याङ्क कार्यालयलाई नै उक्त जिम्मेवारी प्रदान गरेको प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखे्रलले जानकारी दिएका छन् ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । आगामी एक वर्षसम्म तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशनका लागि नेपाल राष्ट्र बैंकलाई सहयोग गर्नेछ । तथ्याङ्क कार्यालयका कर्मचारी, प्राविधिक जनशक्ति एक वर्षसम्म केन्द्रीय बैंकको सहयोगमा काम गर्ने र क्रमशः तथ्याङ्क कार्यालयमा हस्तान्तरण हुनेछ ।

लामो समयसम्म उपभोक्ता मूल्य सूचकाङ्कको काम राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेपनि पछि केन्द्रीय बैंकले जिम्मा लिएर प्रकाशन गर्दै आएको छ । केन्द्रीय बैंकले हरेक महिना विवरण सार्वजनिक गर्दै आएको छ ।

प्रमुख तथ्याङ्क अधिकारी पोखे्रलले महत्वपूर्ण जिम्मेवारी प्राप्त भएको जानकारी दिँदै तथ्याङ्कको दोहोरापना हटाउन सहयोगी सिद्ध हुने विश्वास व्यक्त गरेका छन् । हामीले महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेका छौँ, यसले हामीलाई थप सबल बनाउनेछ भने तथ्याङ्क कार्यालयलाई पनि काम उपलब्ध हुनेछ, पोखे्रलले बताए ।

संरचनागत सुधार, स्रोत तथा साधनको उपलब्धतालाई समेत ख्याल गरेर सङ्क्रमणकालीन रुपमा एक वर्षसम्म केन्द्रीय बैंकको सहयोगमा काम गर्ने र क्रमशः तथ्याङ्क कार्यालयले जिम्मेवारी लिने उहाँको भनाइ छ । सात दिनमा तथ्याङ्क सङ्कलन, प्रशोधन तथा महिना दिनमा प्रकाशन गर्नुपर्ने भएकाले उपभोक्ता मूल्य सूचकांकको काम आफैमा चुनौतीपूर्ण रहेको उनले उल्लेख गरेका छन् ।

हाल तथ्याङ्क कार्यालयले त्रैमासिक रुपमा उपभोक्ता मूल्य सूचकाङ्कको काम गर्दै आएको थियो । कार्यालयलाई थप सबल सक्षम र कामकाजी बनाउने उद्देश्यका साथ राष्ट्र बैंकले गर्दै आएको जिम्मेवारी प्राप्त भएको जानकारी दिँदै प्रमुख तथ्याङ्क अधिकारी पोखे्रलले यसलाई गौरवको रुपमा लिनुपर्ने तर्क गरेका छन् ।

उनले तथ्याङ्कको दोहोपना हट्ने र मौद्रिक नीति तय गर्ने केन्द्रीय बैंकले नै उपभोक्ता मूल्य सूचकाङ्कको काम गर्दा आउने आलोचना समेत कम भएर जाने विश्वास व्यक्त गरेका छन् ।

आवश्यक तयारीका लागि केही समय लाग्छ, त्यसपछि हामी हामी आफै सबल र सक्षम बन्छौ । तत्कालका लागि राष्ट्र बैंककै साधन र स्रोत उपयोग गरेर काम गर्छौं, उनले भने । रासस

# आर्थिक गणनामा केही प्रतिष्ठानले
# विवरण दिन नमानेको खुलासा

**काठमाडौँ ।**
सरकार र निजी क्षेत्रका सबै छाता संस्थाहरूको समन्वय र सहयोगमा सञ्चालन भएको 'आर्थिक गणना,२०८२' मा केही उद्योग तथा व्यवसायिक प्रतिष्ठानले सूचना दिन अस्वीकार गरेका छन् । राष्ट्रिय अभियानका क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरेको आर्थिक गणनामा केहीले जानकारी नपाएर तथा केहीले तथ्याङ्कको गोपनीयताप्रति विश्वस्त नभएको भन्दै तथ्याङ्क उपलब्ध गराउन अस्वीकार गरेका हुन् ।

सङ्कलन गरिएका विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ । सामूिहक रूपमा तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिने भनेर पटकपटक तथ्याङ्क कार्यालयले स्पष्ट पार्दै आएको छ । व्यक्तिगत वा संस्थागत पहिचान खुल्ने गरी कुनै पनि विवरण सार्वजनिक नगरिने जानकारी दिँदै प्रमुख तथ्याङ्क अधिकारी डा कमलप्रसाद पोखे्रलले कहीकतै कोही बाँकी रहेको भए विवरण उपलब्ध गराइदिन आग्रह गरेका छन् । तथ्याङ्क दिन अस्वीकार गर्नु फौजदारी अभियोग बराबर हुने भएकाले विवरण नलुकाउनसमेत उनले आग्रह गरेका छन् ।

तथ्याङ्क कार्यालयले सोमबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उपप्रमुख तथ्याङ्क अधिकारी एवं प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार केहीले अज्ञानताका कारण सूचना दिन नमानेका हुन् । स्थानीय तहको विशेष सहयोगमा तथ्याङ्क दिन अस्वीकार गरेका व्यावसायिक प्रतिष्ठानको विवरण सङ्कलन गरिएको उनको भनाइ छ । कतिपयको भने अझै पनि बाँकी रहेका जानकारी दिँदै उनले कुनै पनि प्रतिष्ठान नछुटुन् भनेर



आफूहरू सचेत रहेको उल्लेख गरेका छन् ।

तथ्याङ्क दिन अस्वीकार गर्नेलाई कानुनी कारबाही गर्न सकिने व्यवस्था भए पनि त्यस्तो अवस्था नआउने तथ्याङ्क कार्यालयको विश्वास छ । विशेष गरी काठमाडौँ उपत्यका र सहरी क्षेत्रका केही उद्योग, प्रतिष्ठान तथा व्यावसायिक सङ्घ संस्थाले राष्ट्रिय अभियानमा असहयोग गरेको भए पनि अन्तिमसम्म सबै विवरण सङ्कलन हुने विश्वास व्यक्त गरिएको छ ।

प्रवक्ता लामिछानेले गत चैत १ गतेदेखि यही असार ७ गतेसम्म गणनाको स्थलगत तथ्याङ्क सङ्कलन गर्ने समय सीमा निर्धारण गरिएको जानकारी दिएका छन् । असार मसान्तसम्म जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय सञ्चालनमा रहने छ । गणनाको प्रक्रिया विधिमार्फत आशिंक विवरण भरेका, पूर्ण विवरण भर्न बाँकी रहेका प्रतिष्ठान, गणना छुट भएका र हामी छुट्यौँ भन्ने सबैलाई बाँकी अवधिमा समेटिने छ ।

**विवरण प्रशोधन गर्न छ महिना लाग्ने**

आर्थिक गणनाबाट प्राप्त भएको विवरण प्रशोधन गर्न छ महिना लाग्नेछ । चार महिनाभित्र तथ्याङ्कको कोडिङ तथा तथ्याङ्क प्रविष्ट गर्न समय लाग्नेछ । यस गणनाबाट उद्योग, व्यापार, सेवा क्षेत्र, निजी तथा सार्वजनिक सङ्घ संस्थाको सङ्ख्या, भौगोलिक वितरण, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गर्ने मुख्य उद्देश्य राखिएको छ ।

यसबाट प्राप्त हुने तथ्याङ्कका आधारमा देशको कूल गार्हस्थ्य उत्पादनका अनुमान सुदृढीकरण गर्न, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्ने र सरकारले तय गर्ने नीति निर्माण र योजना तर्जुमा गर्न सहयोग पुग्नेछ । राज्यले तय गर्ने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवद्र्धन र रोजगारी सिर्जनामा अति आवश्यक विवरण प्राप्त गर्ने अपेक्षा गरिएको छ । राष्ट्रिय आर्थिक गणनामा तीन हजार ९०७ गणक, ५२६ सुपरिवेक्षक परिचालन भएको थियो । व्यवस्थापन समूहअन्तर्गत जिल्लामा ५०४, केन्द्रमा ५३ जनाको छ ।

**१३ लाख ५१ हजारको विवरण प्राप्त**

कार्यालयका अनुसार हालसम्म १३ लाख ५१ हजार १६७ वटा उद्योग, व्यावसायिक सङ्घ संस्था र प्रतिष्ठानको विवरण प्राप्त भएको छ । प्रवक्ता लामिछानेले कागजी प्रश्नावलीमा १३ लाख ४४ हजार ५०० र इ–सेन्ससमार्फत छ हजार ६६७ वटा विवरण प्राप्त भएको जानकारी दिएका छन् । कार्यालयका अनुसार, २०७५ मा पहिलो पटक आर्थिक गणना गर्दा देशभर नौ लाख २३ हजार ३५६ वटा उद्योग प्रतिष्ठानको विवरण सङ्कलन भएको थियो । यस पटक १४ लाख २५ हजार बराबरको विवरण सङ्कलन हुने अनुमान गरिएको छ । असार मसान्तसम्म उक्त विवरण प्राप्त हुने प्रवक्ता लामिछानेले विश्वास व्यक्त गर्नुभयो । सो गणनाका लागि निजी क्षेत्रका छाता संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, अन्य व्यवसाय सम्वद्ध सङ्घ संस्थालगायतले सम्झौता गरेका थिए । राष्ट्रिय रूपमा आर्थिक गणना र त्यसबाट प्राप्त हुने विवरण आर्थिक क्रियाकलापका लागि महत्वपूर्ण हुने भएकाले छाता संस्थाले खुलेर सहयोग गरेका थिए । एकाधले असहयोग गर्नु, विवरण दिन अस्वीकार गर्नु सामान्य भए पनि असार मसान्तसम्म सबै विवरण प्राप्त हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको भनाइ छ । तथ्याङ्क सङ्कलनका लागि काठमाडौँमा पाँच, झापा, मोरङ र रुपन्देहीमा दुई÷दुई थप कार्यालय स्थापना गरिएका थिए । अन्य जिल्लामा भने एउटा कार्यालय स्थापना गरिएको थियो । सरकारले १०० खर्ब बराबर मुलुकको अर्थतन्त्रको आकार पुर्याउने लक्ष्य राखेको सन्दर्भमा आर्थिक गणना त्यसका लागि सहयोगी बन्ने प्रवक्ता लामिछानेको भनाइ छ । रासस

# सेवाग्राहीलाई केन्द्रमा राखेर
# काम गर्न मन्त्री तिमिल्सिनाको निर्देशन

**चितवन ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सेवाग्राहीलाई केन्द्रमा राखेर सेवा प्रवाह गर्न निर्देशन दिएका छन् । सोमबार नेपाल टेलिकम भरतपुरको कार्यालय निरीक्षणका क्रममा सेवाग्राहीलाई केन्द्रमा राखेर जिम्मेवारी पूरा गर्न मन्त्री डा तिमिल्सिनाले निर्देशन दिएका हुन् ।

उनले यसअघि सरकारी कार्यालयहरूमा सेवा लिन जान नपरेहुन्थ्यो भन्नेसम्मको गुनासो आउने गरेको सन्दर्भमा छिटोछरितो ढङ्गबाट सेवा प्रदान गरी सेवाग्राहीको विश्वास जित्ने गरी काम गर्न निर्देशन दिए ।

दूरसञ्चार क्षेत्रमा विगतको तुलनामा धेरै काम भएको भन्दै उनले जनअपेक्षाअनुसार अझ धेरै काम गर्न बाँकी रहेको बताए ।



सञ्चारमन्त्री डा तिमिल्सिनाले भने, १० वर्ष अगाडि र अहिलेको अवस्था फरक छ । हिजो मान्छे एउटा सेवा लिनका लागि पाँच दिनसम्म कुर्न सक्थ्यो भने आज एक दिन पनि कुर्दैन, फोन गरेपछि अहिले नै आइदिए हुन्थ्यो भन्ने अपेक्षा भएकाले तपाईंहरुले सोहीअनुसार काम गर्नुपर्छ ।

उनले भने, सेवाग्राहीले तिरेको पैसाले कार्यालय सञ्चालन भइरहेका छन्, तपाईंको सबैभन्दा ठूलो जवाफदेहिता सेवाग्राहीप्रति हुनुपर्छ । सोहीअनुसार सेवाग्राही खुसी हुने गरी कार्यसम्पादन गर्नुहोला ।

नेपाल टेलिकमको कार्यालय व्यवस्थित गर्ने विषयमा चासो दिँदै उनले भवनलगायत समस्याका बारेमा कार्यरत कर्मचारीसँग एकल एवं संयुक्त रुपमा छलफल गरे । नेपाल टेलिकमको पुनःसरचना, कर्मचारीको वृत्तिविकास, आवश्यक उपकरण र अन्य समस्याका बारेमा भरतपुर कार्यालय प्रमुख राकेश चौधरीसहितका कर्मचारीहरुले सञ्चारमन्त्रीसमक्ष अनुरोध गरेका थिए । रासस

# ग्यास टर्मिनल विस्फोटले कतारमा सङ्कट



**कतार ।**
कतारको प्रमुख प्राकृतिक ग्यास निर्यात केन्द्रमा पुनः सञ्चालनको तयारी भइरहेका बेला आइतबार राति भएको शक्तिशाली विस्फोट र आगलागीमा कम्तीमा ५४ जना घाइते भएका छन् भने १८ जना अझै बेपत्ता रहेका छन् । घटनाले विश्व ऊर्जा बजारमा थप अनिश्चितता सिर्जना गरेको छ, विश्वका प्रमुख प्राकृतिक ग्यास उत्पादक राष्ट्रहरूमध्ये एक कतारको उत्पादन र आपूर्ति प्रणाली प्रभावित भएपछि यसको असर अन्तर्राष्ट्रिय ऊर्जा बजारमा समेत पर्न सक्ने देखिएको छ ।

रस लाफान औद्योगिक क्षेत्रमा अवस्थित ग्यास सुविधामा युद्धका कारण रोकिएको उत्पादन पुनः सञ्चालन गर्ने काम भइरहेका बेला विस्फोट भएको हो । युद्धका क्रममा इरानको आक्रमणपछि प्रभावित बनेको उक्त क्षेत्रमा कामदारहरू मर्मत तथा पुनःसञ्चालनको काममा जुटिरहेका थिए । कतार एनर्जीका अनुसार बार्जान ग्यास आपूर्ति केन्द्रमा भएको विस्फोटपछि आगलागी फैलिएको थियो । प्रारम्भिक विवरणमा केही व्यक्तिमात्र घाइते भएको जनाइएको भए पनि केही घण्टापछि कतारको गृह मन्त्रालयले घाइतेको सङ्ख्या उल्लेखनीय रूपमा बढेको पुष्टि गरेको छ । बेपत्ता व्यक्तिहरूको खोजी तथा उद्धार कार्य जारी रहेको अधिकारीहरूले बताएका छन् ।

विस्फोटबाट भएको क्षतिको पूर्ण विवरण अझै सार्वजनिक गरिएको छैन । यद्यपि, उक्त घटनाले कतारको ऊर्जा पूर्वाधारमा पुनः गम्भीर असर पारेको आशङ्का गरिएको छ । इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण कडा बनाएपछि कतारले केही समयअघि ग्यास उत्पादन र निर्यात गतिविधि रोकेको थियो । त्यसका कारण आफ्ना अन्तर्राष्ट्रिय ग्राहकसम्म ग्यास आपूर्ति गर्न कठिन भएपछि उत्पादन स्थगित गरिएको थियो । पछिल्लो समय युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास अगाडि बढ्दै जाँदा इरानले जलघाँटीमा आफ्नो नियन्त्रण केही खुकुलो पारेपछि कतारले पुनः निर्यात सञ्चालन गर्ने तयारी थालेको थियो । बार्जान ग्यास प्लान्टको दैनिक उत्पादन क्षमता करिब एक अर्ब ४० करोड मानक घनफिट बिक्रीयोग्य ग्यास रहेको थियो । उक्त ग्यास मुख्यतः घरेलु विद्युत् उत्पादन तथा अरब प्रायद्वीपका मरुभूमि क्षेत्रमा सञ्चालन हुने महत्त्वपूर्ण पानी प्रशोधन तथा डिसेलिनेसन केन्द्रहरू सञ्चालन गर्न प्रयोग हुँदै आएको छ । उक्त प्लान्टको अधिकांश स्वामित्व कतारसँग रहेको छ भने अमेरिकी ऊर्जा कम्पनी एक्सोनमोबिलको पनि सानो हिस्सेदारी रहेको छ । घटनापछि कम्पनीसँग प्रतिक्रिया मागिए पनि तत्काल कुनै प्रतिक्रिया प्राप्त हुन सकेन । यसअघि मार्च महिनामा इरानले प्रहार गरेको एक क्षेप्यास्त्र रस लाफान क्षेत्रमा खसेर ठूलो आगलागी भएको थियो । अधिकारीहरूका अनुसार त्यस घटनाले व्यापक क्षति पु¥याएको थियो । त्यही आक्रमणपछि कतारले उक्त क्षेत्रमा उत्पादन गतिविधि रोक्न बाध्य भएको थियो । कतार र इरानले पर्सियन खाडीमा अवस्थित विशाल अपतटीय प्राकृतिक ग्यास क्षेत्र साझा गर्दै आएका छन् । यही प्राकृतिक ग्यास भण्डारले कतारलाई विश्वकै धनी राष्ट्रहरूमध्ये एक बनाएको छ ।

ऊर्जा आम्दानीकै आधारमा कतारले सन् २०२२ को फिफा विश्वकप आयोजना गरेको थियो भने अल जजीरा समाचार सञ्जालको स्थापना तथा विभिन्न अन्तर्राष्ट्रिय कूटनीतिक मध्यस्थतामा पनि सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । हालको विस्फोटले कतारको ऊर्जा उत्पादन, निर्यात क्षमता र विश्व ग्यास बजारको आपूर्ति प्रणालीमा थप दबाब सिर्जना गर्ने विश्लेषण गरिएको छ । युद्धपछिको पुनःस्थापनाको प्रयास भइरहेका बेला भएको यो दुर्घटनाले क्षेत्रीय अस्थिरताको असर ऊर्जा पूर्वाधारमा अझै कायम रहेको सङ्केत गरेको छ । रासस

# विश्वकप फुटबलः
# साउदी अरेबियामाथि स्पेनको जित



**काठमाडौं ।**
फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ अन्तर्गत समुह 'एच'को आज भएको खेलमा स्पेनले साउदी अरेबियामथि जित निकालेको छ । एटलान्टा स्टेडियममा भरखरै सम्पन्न खेलमा स्पेनले साउदी अरेबियामाथि ४–० गोलअन्तरको जित निकालेको हो । स्पेनले खेलको पहिलो हाफमा तीन गोल गरयो भने खेलको दोस्रो हाफमा एक गोल उपहार पायो । खेलको १०औं मिनेटमा स्पेनका लामिन यामालले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको २१ औँ मिनेटमा मिकेल ओयार्जाबलले गोल गर्दै स्पेनको अग्रता दोब्बर बनाए । त्यसको तीन मिनेटमा उनै मिकेलले गोल गर्दै स्पेनको अग्रता तेब्बर बनाए ।

खेलको ४९ औ मिनेटमा साउदीका खेलाडी हसन अल्ताम्बक्तिले स्पेनका लागि आत्मघाती गोल गरे । त्यसपछि खेलमा दुवै टोलीबाट गोल हुन सकेन र अन्तत स्पेनले साउदी अरेबियामाथि ४–० गोलको जित निकाल्यो । जितसँगै स्पेन दुई खेलबाट ४ अङ्क जोड्दै समूह 'एच' को शीर्ष स्थानमा उक्लिएको छ । स्पेनले विश्वकपको नकआउट चरणमा पुग्ने सम्भवना मजबुत बनाएको छ । यसै समुहमा रहेका उरुग्वे, साउदी अरेबिया र केप भर्डेको समान एक एक अङ्क रहेको छ । रासस

# हात्ती प्रभावित क्षेत्रमा कृषकको रोजाइ सुपारीखेती

**झापा ।**
झापाको पूर्वउत्तर वनक्षेत्रसँग जोडिएका बस्तीमा जंगली हात्तीको समस्या नयाँ विषय होइन । बर्सेनि धान, मकै, गहुँ, तोरी, केरा, उखु र तरकारी बालीमा हात्तीले पु¥याउने क्षतिका कारण कृषक प्रभावित भएका छन् । तथापि, यही चुनौतीका बीच सुपारीखेती भने हात्ती प्रभावित क्षेत्रका कृषकका लागि भरपर्दो नगदेबालीका रूपमा स्थापित हुँदै गएको छ ।

विशेष गरी बुद्धशान्ति गाउँपालिका, अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालिकाका वनसँग जोडिएका बस्तीमा सुपारीखेती विस्तार हुँदै गएको छ । अन्य बालीको तुलनामा हात्तीबाट कम क्षति हुने, वर्षौंसम्म उत्पादन दिने, कम श्रममा राम्रो आम्दानी हुने तथा अन्तरबाली प्रणाली अपनाउन सकिने भएकाले कृषकको रोजाइ सुपारीतर्फ बढेको हो । बुद्धशान्ति गाउँपालिका–१ का वडाध्यक्ष अनिल वाग्लेका अनुसार एक पटक बगान स्थापना गरेपछि सुपारीले ४० देखि ५० वर्षसम्म उत्पादन दिन सक्छ । नियमित सिँचाइ, मल व्यवस्थापन र सामान्य हेरचाह गरे पुग्ने भएकाले श्रम लागत अन्य नगदेबालीको तुलनामा कम पर्ने उनको भनाइ छ । जसका कारण उत्तरी झापाका कृषक सुपारीखेतीतर्फ आकर्षित छन् ।

झापामा सुपारी खेतीको सबैभन्दा ठूलो केन्द्र बुद्धशान्ति गाउँपालिका मानिँदै आएको छ । गाउँपालिकाका वडा नं । १, ३, ४ र ५ का किसानको सुपारीखेती घरघरको आम्दानीसँग जोडिएको छ । वडाध्यक्ष वाग्लेका अनुसार गाउँपालिकाका अधिकांश कृषक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सुपारीखेतीमा निर्भर छन् ।

बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईंले गाउँपालिकाको ग्रामीण अर्थतन्त्रमा सुपारीखेतीको योगदान उल्लेखनीय रहेको बताउँछन् । उनका अनुसार सुपारीबाट नगद आम्दानी हुने भएकाले कृषकको जीवनस्तरमा सुधार आएको छ । वैदेशिक रोजगारीमा जाने युवामध्ये केही यही खेतीतर्फ फर्किन थालेका छन् । हात्तीको नियमित ओहरदोहर हुने क्षेत्र भएकाले धेरै कृषकले धान वा मकैभन्दा सुपारीलाई सुरक्षित विकल्पका रूपमा रोजेको गाउँपालिका अध्यक्ष प्रसाईंको भनाइ छ ।

**अर्जुनधारा र मेचीनगरमा विस्तार**

अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालिकाका वनसँग जोडिएका क्षेत्रमा सुपारीखेती विस्तार भइरहेको छ । स्थानीय कृषि प्राविधिकका अनुसार यी दुई पालिकाका करिब ४० प्रतिशत कृषक कुनै न कुनै रूपमा सुपारी उत्पादनसँग आबद्ध छन् ।

हात्तीले धान, मकै र तरकारीमा ठूलो क्षति पु¥याउने गरे पनि सुपारीका बगानमा तुलनात्मक रूपमा कम नोक्सानी हुने अनुभव कृषकहरूले गरेका छन् । यही कारण पछिल्ला वर्षमा नयाँ बगान स्थापना गर्ने क्रम बढेको छ । बिर्तामोड, कनकाई, शिवसताक्षी, गौरादह र दमक नगरपालिकामा करिब २० प्रतिशत कृषकले सुपारीखेती गर्दै आएका छन् । सुपारीका बिरुवाको माग बढेसँगै ती क्षेत्रमा व्यावसायिक नर्सरीसमेत सञ्चालनमा आएका छन् । पछिल्लो समय पूर्वपश्चिम महेन्द्र राजमार्ग दक्षिणका कृषकले सुपारीखेती रुचाएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए ।

सुपारीखेतीको सबैभन्दा ठूलो विशेषता यसको दीर्घकालीन उत्पादन हो उनले भने, 'बिरुवा रोपेको केही वर्षपछि नियमित उत्पादन सुरु हुन्छ र दशकौँसम्म आम्दानी दिइरहन्छ जसका कारण सुपारीखेतीमा झापाका कृषक आकर्षित हुने गरेका छन् ।' बुद्धशान्ति–५ का कृषक गजाधर पौडेलले १६ कठ्ठा क्षेत्रफलमा करिब ६०० सुपारीका बिरुवा लगाएका छन् । तीमध्ये करिब ५०० बिरुवाले उत्पादन दिइरहेका छन् ।

उनका अनुसार वार्षिक करिब रु दुई लाख ५० हजार बराबरको सुपारी बिक्री हुने गरेको छ । अन्य बालीको तुलनामा सुपारी खेतीमा श्रम कम लाग्ने भएकाले यसबाट राम्रो प्रतिफल प्राप्त भइरहेको उनको अनुभव छ । जिल्लाका कतिपय कृषकले ठूलो क्षेत्रफलमा सुपारीखेती गरी वार्षिक आठदेखि १० लाखसम्म आम्दानी गरिरहेको बताइन्छ ।

**सुपारीसँगै अन्तरबाली**

झापाका कृषकले सुपारीको बगानमा अदुवा, बेसार, कफी, केरा, तरकारी, खुर्सानी तथा अन्य नगदेबाली अन्तरबालीका रूपमा उत्पादन गर्दै आएका छन् । यसले एउटै जग्गाबाट वर्षभरि विभिन्न स्रोतबाट आम्दानी हुने वातावरण सिर्जना गरेको छ । सुपारीको बोटबीचको खाली स्थान सदुपयोग गर्न सकिने भएकाले उत्पादन लागत घट्ने र आम्दानी बढ्ने गरेको छ ।

सुपारीखेती विस्तारसँगै बिरुवाको माग बढेको छ । बुद्धशान्ति, अर्जुनधारा र मेचीनगरमा व्यावसायिक नर्सरी सञ्चालन गर्ने कृषकको सङ्ख्या बढ्दै गएको छ । वुद्धशान्तिका कृषक आयुष निरौलाका अनुसार सुपारीको नर्सरी सञ्चालन गरेर पनि यहाँका युवाले राम्रो आयआर्जन गरिरहेका छन् । आफू स्वयं जापान जान लागेको थिए । उनले भने,सुपारीखेती प्रति कृषकको झुकाव देखेपछि आम्दानी गर्न सकिने अठोटका साथ नर्सरी स्थापनामा लागेको हुँ अहिले मनग्य आम्दानी भइरहेको छ ।

बुद्धशान्ति–५ का कृषक चुडामणि न्यौपानेले सुपारीको नर्सरी सञ्चालनसँगै स्थानीयस्तरमै सुपारी प्रशोधन गर्दै आएका छन् । आधुनिक प्रशोधन प्रविधिको अभावका कारण गुणस्तरीय उत्पादनमा चुनौती रहेको उनको भनाइ छ । उनले सरकारले प्रशोधन प्रविधि, रोग पहिचान, प्राविधिक सेवा तथा निर्यात प्रक्रियामा सहजीकरण गरिदिए सुपारी नेपालको महत्वपूर्ण निर्यातयोग्य कृषि उपज बन्न सक्ने बताउँछन् ।

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २०८० असारमा सार्वजनिक गरेको तथ्यांकअनुसार देशभर चार हजार ११९ हेक्टर क्षेत्रफलमा सुपारीखेती गरिएको छ । त्यसमध्ये चार हजार १९ हेक्टर उत्पादनशील क्षेत्र रहेको छ । प्रतिहेक्टर औसत ३ । ६४ मेट्रिकटन उत्पादन हुने मन्त्रालयको तथ्यांक रहेको छ ।

झापासम्बन्धी पछिल्लो विस्तृत सरकारी तथ्यांक उपलब्ध नभए पनि विगतका अध्ययनले जिल्लामा करिब दुई हजार हेक्टर क्षेत्रफलमा सुपारीखेती हुने गरेको देखाएको छ । कृषक र व्यवसायीका अनुसार पछिल्ला वर्षमा यो क्षेत्रफल अझ विस्तार भएको छ ।

झापामा सुपारी उत्पादन बढे पनि प्रशोधन र बजारीकरणमा भने कृषकले विभिन्न समस्या भोग्दै आएका छन् । झापामा सुपारी प्रशोधन गर्ने सहकारी तथा निजी उद्योग स्थापना भए पनि आधुनिक प्रविधि पर्याप्त छैन । बुद्धशान्ति–१ स्थित श्रीकृष्ण सुपारी सहकारी संस्थाले वार्षिक करिब ४०० क्वीन्टल प्रशोधित सुपारी बिक्री गर्ने गरेको जनाएको छ ।

सहकारीका पदाधिकारीका अनुसार बजारको माग स्थिर भए पनि गुणस्तरीय प्रशोधन उपकरण र निर्यात सहजीकरणको अभावले प्रतिस्पर्धात्मक क्षमता बढाउन कठिन भइरहेको छ । कृषकहरूले भारतलगायतका बजारमा निर्यात प्रक्रियालाई सहज बनाउन तथा आधुनिक सुकाउने मेसिन, ग्रेडिङ र प्याकेजिङ प्रविधिमा सरकारी लगानी आवश्यक रहेको बताएका छन् ।


सुपारीखेतीको व्यवसायीकरणका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत झापामा सुपारी जोन कार्यक्रम सञ्चालनमा छ । यसअन्तर्गत सिँचाइ, नर्सरी व्यवस्थापन, प्रशोधन उपकरण, कृषक तालिम तथा प्राविधिक सहयोगका कार्यक्रम सञ्चालन भइरहेका छन् । यसअघि 'एक जिल्ला–एक उत्पादन' कार्यक्रमअन्तर्गत झापालाई सुपारी उत्पादनको जिल्ला घोषणा गरिएको थियो । त्यसपछि 'एक गाउँ–एक उत्पादन' कार्यक्रममार्फत सुपारीखेती विस्तार गर्ने प्रयास भएको छ ।

जलवायु, माटो र पर्याप्त वर्षाका कारण झापा सुपारी उत्पादनका लागि नेपालको सबैभन्दा उपयुक्त जिल्लामध्ये एक हो । हात्ती प्रभावित क्षेत्रमा अन्य बाली बारम्बार नष्ट भइरहेका बेला सुपारीले कृषकलाई स्थिर नगद आम्दानी दिएको छ । यद्यपि उत्पादनसँगै प्रशोधन, ब्राण्डिङ, गुणस्तर मापदण्ड, निर्यात तथा कृषि बिमामा प्रभावकारी नीति लागू गर्न सके सुपारी झापाको मात्र नभई नेपालको महत्वपूर्ण निर्यातयोग्य कृषि उपज बन्न सक्ने सम्भावना देखिएको छ ।

बुद्धशान्ति–२ निवासी सुपारी कृषक रामप्रसाद उप्रेतीले ४० वर्ष अगाडि लगाएको सुपारी निरन्तर आम्दानी दिइरहेकाले अहिले आठ बिघा क्षेत्रफलमा सुपारीखेती गर्दै आएको बताए । यहाँ उत्पादित सुपारी राज्यका तर्फबाट तेस्रो मुलुक पु¥याउन पहल गरिदिने हो भने झापावासीको मुख्य आम्दानीको स्रोत नै सुपारी बन्ने उनको भनाइ छ । आफूले पछिल्लो समय बिरुवा उत्पादन गरेर मनग्य आम्दानी गरिरहेको बताए ।

बुद्धशान्ति–४ का कृषक रुद्रबहादुर भण्डारीले सुपारीको विरुवा उत्पादन गरेर अहिले मनग्य आम्दानी गरिरहेका छन् । उनले भण्डारी मल्टीप्रपोज एग्रो फार्म नै सञ्चालन गरेर सुपारीका बिरुवा उत्पादन र बिक्री वितरण गर्दै आएका छन् । वन्यजन्तुबाट हुने क्षतिको जोखिम न्यून भएका कारण सुपारीखेती अहिले झापाका हात्ती प्रभावित क्षेत्रका कृषकका लागि केवल वैकल्पिक बाली मात्र होइन । दीर्घकालीन आर्थिक सुरक्षाको आधार बन्दै गएको छ । रासस

# दक्षिण कोरियाः
# पूर्वकानूनमन्त्रीलाई २५ वर्ष जेल सजाय



**सियोल ।**
दक्षिण कोरियामा पूर्वराष्ट्रपति युन सुक योलको विवादास्पद मार्सल ल घोषणासँग सम्बन्धित मुद्दामा अर्को उच्चस्तरीय फैसला आएको छ । सियोलको एक अदालतले पूर्वकानूनमन्त्री पार्क सुङ–जेलाई विद्रोहमा संलग्न रहेको ठहर गर्दै २५ वर्षको जेल सजाय सुनाएको छ ।

यो फैसला सियोल केन्द्रीय जिल्ला अदालतले सोमबार सुनाएको हो । राष्ट्रिय समाचार संस्था योन्हापका अनुसार अदालतले पार्कलाई युन प्रशासनले सन् २०२४ मा लागू गरेको मार्सल लसँग सम्बन्धित विद्रोही गतिविधिमा सहभागी भएको निष्कर्ष निकालेको छ । पूर्वराष्ट्रपति युन सुक योलले डिसेम्बर २०२४ मा घोषणा गरेको मार्सल ल करिब छ घण्टामात्र कायम रहेको थियो । संसद् सदस्यहरू राष्ट्रिय सभामा पुगेर आपत्कालीन बैठकमार्फत उक्त निर्णय खारेज गरेपछि मार्सल ल अन्त्य भएको थियो । त्यस घटनापछि दक्षिण कोरिया गम्भीर राजनीतिक संकटमा फसेको थियो ।

युनमाथि विद्रोहको नेतृत्व गरेको आरोपमा मुद्दा चलाइएको छ र उनी हाल हिरासतमा रहँदै आजीवन कारावासको सजायविरुद्ध अपिल गरिरहेका छन् । यसै महिनाको सुरुमा उत्तर कोरियातर्फ ड्रोन पठाएर राष्ट्रिय संकट सिर्जना गर्न खोजेको आरोपमा उहाँलाई थप ३० वर्षको जेल सजाय सुनाइएको थियो ।

अभियोजन पक्षका अनुसार मार्सल ल लागू भएको प्रारम्भिक समयमा पार्कले न्याय मन्त्रालयका अधिकारीहरूको बैठक बोलाएका थिए । त्यही क्रममा सरकारविरोधी व्यक्तिहरूलाई पक्राउ गर्नुपरेमा कारागारहरूको क्षमता जाँच्नसमेत निर्देशन दिइएको थियो ।

अदालतको फैसलाअनुसार कानूनमन्त्रीको हैसियतमा उनले मार्सल ल कमान्डसँग सहकार्य गर्न निर्देशन दिनुभएको थियो र आदेश प्रभावकारी रूपमा कार्यान्वयन हुने विश्वासका आधारमा काम गरे । अभियोजन पक्षले पार्कका लागि २० वर्ष जेल सजाय माग गरेको थियो । उनले आफ्नो अधिकारको दुरुपयोग गर्दै कानूनलाई विद्रोहको माध्यम बनाएको र कानूनी शासनमाथि चुनौती दिएको अभियोजकहरूको तर्क थियो । साथै, उनले कुनै पश्चात्ताप नदेखाएको आरोप पनि लगाइएको थियो ।

पूर्वराष्ट्रपति युनको रातिको टेलिभिजन सम्बोधनमार्फत गरिएको मार्सल ल घोषणाले दक्षिण कोरियामा अभूतपूर्व राजनीतिक संकट निम्त्याएको थियो । त्यसपछि देशभर विरोध प्रदर्शन भएका थिए, सेयर बजारमा गिरावट आएको थियो र अमेरिका लगायत प्रमुख सहयोगी राष्ट्रहरू पनि अप्रत्याशित रूपमा प्रभावित भएका थिए ।

युन प्रशासनसँग सम्बन्धित धेरै उच्च अधिकारीहरूलाई यसअघि नै विभिन्न सजाय सुनाइसकिएको छ । पूर्वप्रधानमन्त्री हान डक–सुलाई १५ वर्षको जेल सजाय दिइएको छ भने पूर्वगृहमन्त्री ली साङ–मिन नौ वर्षको जेल सजाय भोगिरहेका छन् । गत साता पूर्वरक्षामन्त्रीलाई विद्रोहसँग सम्बन्धित गोप्य सैन्य सूचना सार्वजनिक गरेको अभियोगमा तीन वर्षको जेल सजाय सुनाइएको थियो । यसैबीच पूर्वराष्ट्रपति युनकी पत्नी किम केओन ही पनि सेयर बजार हेरफेर तथा घुसखोरीसम्बन्धी मुद्दामा चार वर्षको जेल सजाय भोगिरहेका छन् । ती आरोपहरू भने मार्सल ल प्रकरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छैनन् । पछिल्ला फैसलाहरूले दक्षिण कोरियामा मार्सल ल प्रकरणमा संलग्न उच्च अधिकारीहरूमाथि कानूनी कारबाही अझ कडा बन्दै गएको संकेत गरेका छन् । रासस

# पर्यटनको नयाँ सम्भावना बोकेको ‘चमेरा गुफा’



**दमौली ।**
तनहुँको आँबुखैरेनी गाउँपालिका–२ स्थित लिउत गाउँ जाने बाटोमाथि पर्ने ऐतिहासिक तथा प्राकृतिक महत्व बोकेको चमेरा गुफालाई पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्ने तयारी थालिएको छ । प्राकृतिक सम्पदाका रूपमा रहेको चमेरा गुफा लामो समयदेखि ओझेलमा पर्दै आएकामा पछिल्लो समय पर्यटकीय सम्भावनालाई उजागर गर्दै व्यवस्थित विकासका लागि स्थानीय तह सक्रिय बनेको हो ।

गाउँपालिका अध्यक्ष शुक्र चुमानसहित प्राविधिक टोलीले गुफा क्षेत्रको स्थलगत अवलोकन गरी संरक्षण, व्यवस्थापन तथा पर्यटन प्रवद्र्धनका सम्भावनाबारे अध्ययन गरेको छ । अवलोकनका क्रममा गुफाको वर्तमान अवस्था, संरक्षणका चुनौती, पर्यटक आकर्षित गर्न आवश्यक पूर्वाधार तथा दीर्घकालीन विकास योजनाका विषयमा विस्तृत छलफल गरिएको वडा सदस्य मनोजकुमार श्रेष्ठले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष चुमानले चमेरा गुफा आँबुखैरेनीको महत्वपूर्ण प्राकृतिक सम्पदा भएकाले यसको संरक्षणसँगै पर्यटन क्षेत्रका रूपमा विकास गर्न गाउँपालिका प्रतिबद्ध रहेको बताए । उनले आगामी आर्थिक वर्ष २०८३–८४ को बजेटमार्फत आवश्यक रकम विनियोजन गरी गुफा क्षेत्रको पूर्वाधार विकासलाई प्राथमिकता दिइने जानकारी दिए ।

उनले भने, ‘हाम्रो गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोडेर आर्थिक विकासको आधार बनाउने लक्ष्य छ । चमेरा गुफा त्यस्तै सम्भावना बोकेको स्थल हो । यसको संरक्षण र प्रवद्र्धन गर्न आवश्यक बजेट तथा योजना कार्यान्वयनमा ल्याइनेछ ।’ उनका अनुसार गुफासम्म सहज पहुँचका लागि पदमार्ग निर्माण, सूचना बोर्ड स्थापना, सुरक्षाका आवश्यक व्यवस्था, सरसफाइ तथा वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । यसले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

स्थानीयवासीका अनुसार चमेरा गुफा प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थल हो ।

गुफाभित्र ठूलो सङ्ख्यामा चमेरा बसोबास गर्ने भएकाले यस क्षेत्रको जैविक विविधता संरक्षणका दृष्टिले पनि विशेष महत्व रहेको छ । उचित प्रचारप्रसार र पूर्वाधार विकास हुन सके यस क्षेत्र पर्यटनको नयाँ गन्तव्य बन्न सक्ने स्थानीयको विश्वास छ ।

गाउँपालिकाले पर्यटन विकाससँगै स्थानीयस्तरमा रोजगारी सिर्जना, होटल तथा व्यवसाय प्रवद्र्धन, कृषि उत्पादनको बजार विस्तार तथा आर्थिक गतिविधिमा वृद्धि हुने अपेक्षा गरेको छ । पर्यटनसँग जोडिएका सम्भावनाको उपयोग गर्न सके गाउँपालिकाको समग्र आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको छ । रासस

## बाल आँखा स्वास्थ्य प्रणाली सुदृढीकरणका लागि

# एकीकृत परियोजना कार्यान्वयनमा

**काठमाडौँ ।**
बाल स्वास्थ्य, आँखा अनुसन्धान तथा स्वास्थ्य प्रणाली सुदृढीकरणका लागि एकीकृत परियोजना सञ्चालनमा ल्याइएको छ । नेपालमा पहिलोपटक सो परियोजनालाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसहित विश्व स्वास्थ्य सङ्गठन, संयुक्त राष्ट्र सङ्घीय बालकोष (युनिसेफ), धुलिखेल अस्पताल, इन्टरनेशनल सेन्टर फर आइ हेल्थ, लन्डन स्कुल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनसँगको सहकार्य नेपाल नेत्रज्योति सङ्घले कार्यान्वयमा ल्याएको हो ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा अनुज भट्टचन, नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्त, लन्डन स्कुल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनकी प्रतिनिधि डा आयशा मल्लीकले हालै आयोजित कार्यक्रममा सो परियोजनाको संयुक्त रूपमा शुभारम्भ गरेका थिए । नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रका अनुसार सो परियोजनाको मुख्य ध्येय पाँच वर्षमुनिका बालबालिकाको आँखा स्वास्थ्य सुधार, प्राथमिक स्वास्थ्य सेवा प्रणालीमार्फत आँखासम्बन्धी समस्या समयमै पहिचान, उपचार तथा आवश्यक ‘रिफरल’ सेवामा पहुँच सुनिश्चित गर्नु रहेको छ ।

परियोजनाले हाल सञ्चालनमा रहेको एकीकृत नवजात तथा बालरोग व्यवस्थापन (आइएमएनसिआई) कार्यक्रममा आँखा स्वास्थ्यलाई समावेश गर्ने सम्भावना र आवश्यकता तथा प्रभावकारिताबारे अनुसन्धान तथा परीक्षण कार्य सञ्चालन गर्ने जनाइएको छ । सो अवसरमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख डा गुणनिधि शर्माले बाल स्वास्थ्य सेवासँग आँखा स्वास्थ्यको एकीकरणले बालबालिकामा दृष्टिसम्बन्धी समस्या समयमै पहिचान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

परिवार कल्याण महाशाखाका निर्देशक डा मदन उपाध्यायले विद्यमान मातृ तथा बाल स्वास्थ्य सेवा प्रणालीमार्फत आँखा स्वास्थ्य सेवा विस्तार गर्न यस परियोजनाले महत्वपूर्ण आधार प्रदान गर्ने छ भने ।

कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा भट्टचनले नेपालले सफलतापूर्वक कार्यान्वयन गरेको ‘आइएमएनसीआई कार्यक्रम’ले बाल मृत्युदर न्यूनीकरणमा महत्वपूर्ण योगदान पु¥याएको उल्लेख गर्दै उक्त प्रणालीभित्र आँखा स्वास्थ्यलाई समावेश गर्नु समयानुकूल र आवश्यक कदम हो भने ।

उनले भने, प्रारम्भिक अवस्थामै आँखासम्बन्धी समस्या पहिचान, उपचार तथा रिफरल सेवाको व्यवस्था गर्न सके बालबालिकामा हुन सक्ने दृष्टिसम्बन्धी समस्या तथा अन्धोपन रोकथाममा महत्वपूर्ण योगदान पुग्ने छ । अनुसन्धानबाट प्राप्त प्रमाण र निष्कर्षका आधारमा परियोजनालाई भविष्यमा थप विस्तार गर्ने विषयमा मन्त्रालय सकारात्मक रहेको छ । सङ्घका महासचिव भरतबहादुर चन्दले बालबालिकाको आँखा स्वास्थ्यलाई आधारभुत स्वास्थ्य सेवासँग जोडेर दिगो र प्रभावकारी सेवा प्रणाली विकास गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको जानकारी दिए । उनले भने, अनुसन्धानमा आधारित ‘इन्टरभेन्सन’ तथा साझेदारीमार्फत बालबालिकाको आँखा स्वास्थ्यमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।



नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्रा डा पन्तले नेपालमा आँखाको स्वास्थ्य सेवाको पहुँच विस्तार तथा गुणस्तरीय सेवा प्रवाहमा सङ्घले लामो समयदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । उनले बाल स्वास्थ्य सेवासँग आँखा स्वास्थ्यलाई एकीकृत गर्ने यस परियोजनाले बालबालिकाको दृष्टि संरक्षण, समयमै समस्या पहिचान तथा उपचार सुनिश्चित गर्न महत्वपूर्ण योगदान पु¥याउने विश्वास व्यक्त गरे ।

नेपाल नेत्र ज्योति सङ्घ देशको अग्रणी आँखा स्वास्थ्य सेवा प्रदायक संस्था हो । सङ्घले देशभर फैलिएको २८ आँखा अस्पताल तथा २२६ आँखा उपचार केन्द्रको सञ्चालमार्फत लाखौँ नागरिकलाई आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । परियोजनाका वरिष्ठ अनुसन्धानकर्ता डा खेम पोखरेलका अनुसार यस परियोजनामार्फत बाल स्वास्थ्य सेवासँग आँखा स्वास्थ्यलाई थप प्रभावकारी रूपमा एकीकृत गर्दै नीतिगत तथा कार्यक्रमगत सुधारका लागि आवश्यक प्रमाण र अनुभव विकास गर्ने अपेक्षा गरिएको जानकारी दिए ।

कार्यक्रममा परियोजनासम्बन्धी अनुसन्धानका प्रारम्भिक निष्कर्षहरू प्रस्तुत गरिनुका साथै कार्यान्वयन रणनीति, स्वास्थ्य प्रणाली सुदृढीकरण तथा कार्यक्रम विस्तारका विषयमा विस्तृत छलफल गरिएका थिए । परियोजनले नेपालमा बाल आँखा स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास गरिएको छ । रासस

# भुम्लुको लालपुर्जाविहीन समस्या अन्त्य गरिँदै

**काभ्रेपलाञ्चोक ।**
काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकाको दुई वडामा करिब पाँच दशकअघिदेखिको लालपुर्जाको समस्या समाधान हुँदै गएको छ । उक्त समस्यामा यसअघिका प्रक्रिया जिल्लास्थित सराकारवाला निकायले गर्दै आएका थिए भने अब बाँकी प्रक्रिया गाउँपालिका कार्यालयले नै गर्ने भएको हो । यसका लागि गाउँपालिकामा भूमि व्यवस्थापन शाखा सञ्चालनमा ल्याइएको छ ।

यसअघि जिल्लास्थित नापी र मालपोत कार्यलयका कर्मचारीले जग्गाधनीको पहिचान गर्दै लालपुर्जा दिलाउँदै आएका थिए । हालसम्म ५३१ परिवारलाई लालपुर्जा वितरण गरिसकिएको छ । अब बाँकी करिब ५०० लालपुर्जा आजदेखि वितरण गर्ने कार्यक्रम बनाइएको ८ नं वडाका अध्यक्ष मोतीलाल लामाले बताए । उनका अनुसार जिल्लास्थित नापी र मालपोत कार्यालयद्वारा तयार लालपुर्जा वितरण गर्न लागिएको हो भने त्यसपछिका कित्ताकाटलगायतको काम गाउँपालिकास्थित भूमि व्यवस्थापन शाखाले गर्नेछ ।

शाखाको शुक्रबार गाउँपालिका अध्यक्ष प्रेम भुजेलले शुभाररम्भ गरेका छन् । लालपुर्जाका समस्याका बाँकी काम शाखाले नै गर्ने अध्यक्ष उनले बताए । उनका अनुसार केही जटिलता आए जिल्लास्थित मालपोत तथा नापी कार्यालयसँग समन्वय गरिनेछ । सङ्घीय सरकारले पहिलो चरणमा छनोट गरेको ३५ स्थानीय तहमध्ये काभ्रेको भुम्लु र रोशी गाउँपालिका छनोटमा परेका थिए । लालपुर्जाविहीन भुम्लुवासीलाई जिल्लास्थित नापी कार्यालय तथा मालपोत कार्यालयको पहलमा प्रक्रिया पु–याएर औपचारिक रुपमा २०८२ भदौदेखि वितरण गर्न थालिएको हो । विसं २०३२ देखि गाउँपालिकाको (तत्कालीन भुम्लु र फलाँटे गाविस) हालका दुई वडाका बासिन्दा विविध कारण लालपुर्जाको पर्खाइमा थिए । प्रारम्भिक चरणमा भुम्लु गाउँपालिका वडा नं ७ र ८ का ४ सय ३१ जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको छ । कार्यालयका अनुसार त्यतिबेला वडा नं ७ का १८५ र वडा नं ८ मा २४६ गरी ४३१ जग्गाधनीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको हो ।

क्रमिकरुपमा तयार १०० लालपुर्जा वितरण गरिएको जिल्ला नापी कार्यालयका प्रमुख अशोककुमार भुसालले जानकारी दिए । उनका अनुसार ‘फिल्ड’ कार्यालयमार्फत प्रमाण पु–याएर लालपुर्जा वितरण भइरहेको हो भने हालसम्म थप तयार करिब ५०० लालपुर्जा वितरणको तयारी भएको हो । समस्या समाधनका लागि जिल्लास्थित नापी कार्यालयले विसं २०७१ जेठ २५ गतेदेखि स्थानीय तहमा नापी टोली खटाई काम गरिरहेको थियो । टोली मात्र नभई कार्यालयको आवश्यकताले विसं २०७६ मङ्सिर २० गते भुम्लु गाउँपालिकामा फिल्ड कार्यालय स्थापना गरियो । कार्यालयका अनुसार वडा नं ७ मा ३००र ८ मा ६०० लालपुर्जा बनाउनुपर्ने देखिएको थियो ।

घटनाक्रमअनुसार साविकको पिपलटार गाविस हुँदादेखि नै कमाइ गर्दै आइएको ‘टार’ भन्ने खेतियोग्य जमिन पिपलटार गाविस फुट्दा भुम्लुटार र फलाँटे गाविस दुवैमा परेपछि त्यो खेतीयोग्य जमिन कुन गाविसले लिने भन्ने विषयमा विवाद हुँदा विसं २०३२ मा नापी गर्न गएको टोली र दुई गाविसका नेतृत्वको विवादका कारण नापी टोली फर्किएपछि स्थानीयले लालपुर्जा पाउन सकेका थिएनन् । विसं २०३५ मा नापी टोली पुनः उक्त गाविसमा नापीका लागि जाँदा जग्गाको विषयमा विवाद चर्किएपछि नापी टोली काम नगरी फर्किएको थियो ।

कार्यालयले लालपुर्जा विरतण गरेपछि जग्गासम्बन्धी सबै स्रेस्ता मालपोत कार्यालय, नक्सा, फिल्ड बुकहरु नापी कार्यालयमा ल्याई हालै गाउँपालिकामा स्थापित भूमि व्यवस्थापन कार्यालयसँगको समन्वयमा जग्गा प्रशासनको काम सुरु हुने जनाइएको छ । केही जग्गाधनीले आफ्नो जग्गाको ‘लगत–भिड्ने’ आवश्यक कागजात नल्याउँदा भने काम गर्न केही समस्या भइरहेको भुषालले बताउनुभयो । यस्तै तत्कालीन समयमा उक्त स्थानमा बसेका नागरिक बसाइँसराइ एवं केहीले तिरो तिरेको आधारमा जग्गा बिक्री गरेकाले थप समस्या देखिएको जनाइएको छ ।

उक्त स्थानमा लालपुर्जाको समस्या वर्षौंसम्म समाधान नभएपछि पटकपटक समस्या समाधान अध्ययन समिति गठन गरिएको थियो भने कयौँ पटक सरकारीस्तरबाट ‘फिल्ड भिजिट र अनुगमन–निरीक्षण’ गर्दा पनि यसअघि कुनै निकास निस्किएको थिएन । गाउँपालिकामा आएका निवदेन छानबिन गर्दा प्रारम्भिक चरणमा करिब एक हजार परिवार समस्यामा रहेको देखिएको कार्यालयले जनाएको छ । रासस

# झापामा लागुऔषध सेवन र कारोबार घटाउन अभियान सञ्चालन

**झापा ।**
पछिल्लो समय लागुऔषध सेवन र कारोबारमा संलग्न युवायुवतीको सङ्ख्या वृद्धि भएको छ । नेपालको पूर्वी जिल्ला झापामा पनि यो सामाजिक समस्याकै रुपमा अघि बढिरहेको छ । जिल्ला कारागार र प्रहरी हिरासतमा लागुऔषध सेवन र कारोबारमा संलग्न अभियुक्तको सङ्ख्या पनि ठूलो छ ।



अहिले झापा मात्रै लागुऔषधका सक्रिय प्रयोगकर्ता र ओसारपसारमा संलग्नको २० हजारभन्दा बढी रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख वसुन्धरा खड्काले बताइन् । लागुऔषधका ओसारपसार र सेवन गरेको अभियोगमा झापामा नौ सयभन्दा बढी व्यक्ति कारागार र हिरासतमा रहेको उनले जानकारी दिइन् ।

उनका अनुसार झापा कारागारमा रहेका कैदी ३७६ जना, पुर्पक्षका लागि थुनामा ३४० जना र अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा २०८ जनाले लागुऔषधको बेचबिखन र ओसारपसार संलग्न भएको कसुर खेपिरहेका छन् ।

लागुऔषध दुव्र्यसनको उपचारका लागि जिल्लाका ४२ वटा सुधार केन्द्रमा एक हजार २६२ भन्दा बढी व्यक्ति भर्ना र प्रादेशिक अस्पताल भद्रपुरमा १३३ जना नियमित उपचारमा छन् । लागुऔषध सेवनकर्ताको यकिन तथ्याङ्क सार्वजनिक नभए पनि जिल्लामा १५ हजारभन्दा बढी रहेको हुनसक्ने प्रहरीको अनुमान छ । वार्षिक तथ्याङ्कले झापामा लागुऔषधको घटना बढिरहेको देखाएको छ । लागुऔषधजन्य अभियोगमा आर्थिक वर्ष २०७८/०७९ मा २०० जना, २०७९/०८० मा २०६ जना, २०८०/०८१ मा २९७ जना, २०८१/०८२ मा ३४५ जना र चालु आव २०८२/०८३ को जेठसम्ममा ३५२ जना व्यक्ति पक्राउ परेका छन् ।

जिल्लामा लागुऔषधबाट सबैभन्दा बढी प्रभावित मेचीनगर नगरपालिका रहे तापनि भद्रपुर, बिर्तामोड र दमक पनि रहेको प्रहरीले जनाएको छ । चालु आव २०८२/०८३ को ११ महिनाको अवधिमा सबैभन्दा बढी अभियुक्त मेचीनगरमा पक्राउ परेको पाइएको छ । भारतबाट लागुऔषध लिएर नेपाल प्रवेश गरेको अवस्थामा मेचीनगरको सीमावर्ती क्षेत्रबाट ९२ जना, भद्रपुरबाट ७७, बिर्तामोडबाट ४५, दमकबाट ३२, अर्जुनधाराबाट १६, गौरीगंजबाट १३, कमलबाट सात, गौरादहबाट छ, बुद्धशान्तिबाट ५, कचनकवलबाट दुई र हल्दिवारीबाट एक जना पक्राउ परेको प्रहरीले जनाएको छ ।

लागुऔषध प्रयोगको कारण समाजमा चोरी, डकैती, घरेलु हिंसा, आत्महत्या, दुर्घटना, मानसिक र शारीरिक रोग, पारिवारिक बिखण्डन, सामाजिक अस्थिरता र डरजस्ता समस्या बढेको प्रहरी उपरीक्षक खड्का बताउनुहुन्छ ।

झापामा प्रहरीले लागुऔषधको नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरेको छ । लागुऔषधको सेवन र कारोवारीको संख्या बढ्दै गएपछि स्थानीय तह र समुदायसँग मिलेर त्यसको प्रभावकारी नियन्त्रणका लागि अभियान सञ्चालन गरिएको प्रहरी उपरीक्षक खड्काले बताइन् ।

लागुऔषधसम्बन्धी समस्या न्यूनीकरण गर्न, आयात नियन्त्रण र क्षतिको न्यूनीकरण गर्ने योजनासहित प्रहरीले अभियानको पहिलो चरणमा विद्यालयमा सचेतनामूलक प्रचारप्रसार कार्यक्रम सञ्चालन गरिरहेको छ ।

दोस्रो चरणमा लागुऔषधविरुद्धको सेचतनामूलक कक्षा सञ्चालन गर्न १५० जनाभन्दा बढी शिक्षकलाई तालिम दिइने छ भने तेस्रो चरणमा प्रहरी र स्थानीय युवाबीच मैत्रीपूर्ण खेलकुद गरिनेछ । चौथो चरणमा ७१ वटा प्रहरी एकाइमार्फत समुदायस्तरीय लागुऔषध नियन्त्रण क्लब गठन गरिने भएको छ । रासस

# चुनावी पराजयपछि जनमतको नयाँ रणनीति, ‘५०१ हिरोज् हन्ट’ अभियान घोषणा






**मधेशदृष्टि**
**जनकपुरधाम।**
निर्वाचनमा अपेक्षाअनुसार सफलता हासिल गर्न नसकेको जनमत पार्टीले संगठन पुनर्संरचना र युवापुस्तालाई आकर्षित गर्ने उद्देश्यसहित ‘५०१ हिरोज् हन्ट’ नामक विशेष अभियान सञ्चालन गर्ने भएको छ । पार्टीको केन्द्रीय सचिवालय बैठकले ४० वर्षमुनिका प्रतिभाशाली तथा विभिन्न क्षेत्रमा योगदान पु¥याइरहेका युवाहरूलाई पार्टीसँग आबद्ध गराउने निर्णय गरेको हो।

पार्टीका महासचिव चन्दन सिंहले जारी गरेको विज्ञप्तिअनुसार अभियानमार्फत राजनीति, प्रशासन, शिक्षा, समाजसेवा, संस्कृति, उद्योग–व्यापार, खेलकुद, विज्ञान तथा अनुसन्धानलगायत विविध क्षेत्रमा सक्रिय युवाहरूलाई पहिचान गरिनेछ । जनमत पार्टीले २०७९ सालको निर्वाचनपछि मधेश केन्द्रित वैकल्पिक राजनीतिक शक्तिका रूपमा आफूलाई स्थापित गरेको थियो । तर २०८२ सालको निर्वाचनमा संघीय संसद्मा प्रतिनिधित्व गुमाएपछि पार्टीले संगठनात्मक पुनर्जागरण र नयाँ नेतृत्व विकासलाई प्राथमिकतामा राख्दै यो अभियान अघि बढाएको जनाएको छ।

अभियानअन्तर्गत समाजसेवी, अभियन्ता, अधिकारकर्मी, कलाकार, खेलाडी, लेखक, साहित्यकार, पत्रकार, चिकित्सक, इन्जिनियर, वकिल, उद्यमी, उद्योगी, वैज्ञानिक, अनुसन्धानकर्ता तथा युवा नेतृत्वकर्तालगायत विभिन्न क्षेत्रका उत्कृष्ट व्यक्तित्वलाई ‘५०१ हिरोज्’ को रूपमा सम्मान गरिनेछ । उनीहरूलाई पार्टीको नीतिगत तथा संगठनात्मक रूपान्तरण प्रक्रियामा समेत भूमिका दिइने जनाइएको छ।

पार्टीका अनुसार इच्छुक व्यक्तिले स्वयं आवेदन दिन सक्नेछन् भने अन्य व्यक्तिले पनि योग्य उम्मेदवारको नाम सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ । यसका लागि पार्टीको आधिकारिक वेबसाइटमार्फत मनोनयन प्रक्रिया खुला गरिनेछ।

जनमत पार्टीले युवाको क्षमता, अनुभव र नवप्रवर्तनशील सोचलाई राजनीतिसँग जोड्दै संगठनलाई थप सशक्त बनाउने उद्देश्यले ‘५०१ हिरोज् हन्ट’ अभियान ल्याइएको जनाएको छ।

# बारागढी गापाको ३९ करोड ७७ लाख बजेट सार्वजनिक, कृषि, शिक्षा र पूर्वाधारमा विशेष प्राथमिकता



**हरिशंकर शर्मा**
**कलैया।**
बारा जिल्लाको बारागढी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३÷०८४ का लागि ३९ करोड ७७ लाख ६५ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको सभाहलमा सोमबार आयोजित गाउँसभामार्फत दोस्रो कार्यकालको नवौं नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिएको हो । ‘सुशासनयुक्त सक्षम एवं सबल स्थानीय सरकार, पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी तथा स्वरोजगार बारागढीको मूल आधार’ भन्ने नारासहित सार्वजनिक गरिएको बजेटले समग्र विकास, सेवा प्रवाह सुधार तथा स्थानीयस्तरमा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेको गाउँपालिकाले जनाएको छ।

बजेटको मुख्य स्रोत संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान र राजस्व बाँडफाँड रहेको छ । सार्वजनिक विवरणअनुसार संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ १ करोड ५७ लाख रुपैयाँ, सशर्त अनुदानतर्फ १५ करोड ६० लाख रुपैयाँ, राजस्व बाँडफाँडतर्फ ८ करोड ७९ लाख १९ हजार रुपैयाँ तथा विशेष अनुदानतर्फ ५५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान ६८ लाख ३० हजार रुपैयाँ, राजस्व बाँडफाँडतर्फ ४१ लाख ३१ हजार रुपैयाँ, सशर्त अनुदानतर्फ ४० लाख रुपैयाँ, विशेष अनुदानतर्फ ३० लाख रुपैयाँ तथा समपूरक अनुदानतर्फ ३० लाख रुपैयाँ प्राप्त हुने जनाइएको छ।

गाउँपालिकाले आन्तरिक स्रोतबाट ८० लाख रुपैयाँ आम्दानी हुने अनुमान गरेको छ भने गत आर्थिक वर्षको बैंक मौज्दात १ करोड रुपैयाँ समेत समावेश गरी कुल बजेटको आकार निर्धारण गरिएको जनाएको छ। खर्चतर्फ चालु तथा प्रशासनिक कार्य सञ्चालनका लागि ९ करोड ५९ लाख १६ हजार रुपैयाँ विनियोजन गरिएको छ । विकास निर्माण तथा पूँजीगत कार्यक्रम सञ्चालनका लागि १२ करोड १५ लाख ५१ हजार रुपैयाँ छुट्याइएको छ। यस्तै संघीय सरकारबाट प्राप्त सशर्त, समपूरक तथा विशेष अनुदानअन्तर्गत १७ करोड ५५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ भने प्रदेश सरकारबाट प्राप्त सशर्त, समपूरक र विशेष अनुदानअन्तर्गत १ करोड रुपैयाँ खर्च गरिनेछ।

गाउँपालिकाले आगामी आर्थिक वर्षको बजेट शिक्षा, कृषि, पशुपालन, स्वास्थ्य सेवा, खानेपानी तथा पूर्वाधार विकासलाई केन्द्रमा राखेर तयार गरिएको जनाएको छ । स्थानीयस्तरको आर्थिक तथा सामाजिक विकासलाई गति दिने उद्देश्यसहित बजेट तर्जुमा गरिएको गाउँपालिकाको भनाइ छ।

# मुख्यमन्त्री यादवको सचिवालयका कर्मचारीको रोकिएको तलब निकासा, १४ जनाले पाए सुविधा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको सचिवालयमा कार्यरत कर्मचारीहरूको लामो समयदेखि रोकिएको तलबभत्ता अन्ततः निकासा गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सचिवालयका १४ जना कर्मचारीको तलबभत्ता उपलब्ध गराइएको जनाएको छ।

गत १९ मंसिरमा मुख्यमन्त्री नियुक्त भएपछि यादवले आफ्नो निजी सचिवालयमा स्वकीय सचिव, कम्प्युटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगीलगायत १० जना कर्मचारी नियुक्त गरेका थिए । तर जेनजी आन्दोलनपछि संघीय सरकारले जारी गरेको खर्च कटौतीसम्बन्धी परिपत्रलाई आधार बनाउँदै सचिवालयका कर्मचारीहरूको तलबभत्ता रोकिएको थियो । मुख्यमन्त्री कार्यालयका कर्मचारीहरूले उक्त परिपत्रअनुसार सचिवालयमा तीन जनाभन्दा बढी कर्मचारीको तलबभत्ता निकासा गर्न नमिल्ने अडान लिएपछि चार महिनादेखि तलब रोकिएको थियो।




लेखा शाखाले समेत तलब निकासासम्बन्धी फाइल फिर्ता पठाएको स्रोतले जनाएको छ। तर गत जेठ २६ गते बसेको मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले ‘मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५’ बमोजिम तलबभत्ता उपलब्ध गराउने निर्णय गरेपछि समस्या समाधान भएको हो । उक्त ऐनमा मुख्यमन्त्रीको सचिवालयमा स्वकीय सचिवसहित अधिकतम १४ जना कर्मचारी राख्न सकिने व्यवस्था छ। सोही कानुनी व्यवस्थाअनुसार यसपटक मुख्यमन्त्री यादवले सचिवालयमा थप चार जना कर्मचारीसमेत समावेश गरी कुल १४ जनाको तलबभत्ता निकासा गराएका छन्।

जेनजी आन्दोलनपश्चात नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले गत असोज ५ गते सरकारी खर्च कटौतीसम्बन्धी निर्णय गरेको थियो। त्यसको कार्यान्वयनका लागि अर्थ मन्त्रालयले असोज ७ गते तीनै तहका सरकारलाई परिपत्र पठाएको थियो । परिपत्रको बुँदा नम्बर ५ (ट) मा नेपाल सरकार, प्रदेश सरकारका मन्त्री तथा प्रदेश प्रमुखको सचिवालयमा बढीमा तीन जना मात्रै कर्मचारी नियुक्त गर्न सकिने उल्लेख गरिएको थियो।

सोही व्यवस्थालाई आधार बनाएर मुख्यमन्त्री कार्यालयले सचिवालयका सीमित कर्मचारीको मात्रै तलब निकासा गर्न मिल्ने व्याख्या गरेको थियो । तर प्रदेश ऐनअनुसारको व्यवस्थालाई आधार बनाएर मन्त्रिपरिषद्ले निर्णय गरेपछि सचिवालयका सबै १४ जना कर्मचारीको तलबभत्ता उपलब्ध गराइएको हो।

# अनलाइन भन्सार प्रणालीले सीमामा सास्ती, बिचौलियाको चलखेल बढेको गुनासो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारतबाट नेपाल प्रवेश गर्ने सवारी साधनको भन्सार अभिलेख अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत गर्नुपर्ने सरकारी व्यवस्था लागू भएपछि सीमावर्ती क्षेत्रमा सेवाग्राहीले सास्ती खेप्न थालेका छन् । विशेषगरी महोत्तरीको मलिवाडा–भिठामोड भन्सार नाकामा नयाँ प्रणालीका कारण सवारी चालक तथा यात्रुहरू लामो समयसम्म लाइनमा बस्न बाध्य भएका छन्।

सेवाग्राहीका अनुसार भारतबाट नेपाल प्रवेश गरेपछि भन्सार प्रक्रिया पूरा गर्न ३ देखि ४ घण्टासम्म प्रतीक्षा गर्नुपरेको अवस्था छ । पर्याप्त तयारी, प्राविधिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन नगरी अनलाइन प्रणाली कार्यान्वयन गरिएकाले समस्या उत्पन्न भएको उनीहरूको भनाइ छ।

भारतको बिहार राज्यबाट नेपाल आउने सवारीधनीहरूले अनलाइन दर्ता प्रक्रिया सहज नभएको गुनासो गरेका छन् । डिजिटल प्रणालीबारे पर्याप्त जानकारी नहुँदा र भन्सार कार्यालयबाट आवश्यक सहयोग नपाउँदा धेरैजसो सेवाग्राही बिचौलियाको सहारा लिन बाध्य भएको बताइएको छ । सेवाग्राहीहरूको आरोपअनुसार अनलाइन फाराम भर्ने तथा दर्ता प्रक्रिया पूरा गरिदिने नाममा बिचौलियाले प्रतिगाडी २०० देखि ५०० रुपैयाँसम्म असुल्ने गरेका छन्।

स्थानीय व्यवसायी तथा यात्रुहरूले भन्सार प्रक्रियालाई डिजिटल बनाउने सरकारको कदम सकारात्मक भए पनि त्यसका लागि आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन नगरी लागू गरिँदा सर्वसाधारणले अनावश्यक दुःख पाएको बताएका छन्। उनीहरूले भन्सार कार्यालयमा सहायता कक्ष स्थापना, थप कम्प्युटरको व्यवस्था तथा प्राविधिक कर्मचारीको संख्या बढाउन माग गरेका छन् । यता भन्सार कार्यालयका प्रमुख राजेन्द्र बस्नेतले नयाँ प्रणाली कार्यान्वयनको सुरुआती चरणमा केही समस्या देखिएको स्वीकार गरेका छन् । उनले सेवाग्राहीको गुनासोलाई ध्यानमा राख्दै व्यवस्थापनलाई क्रमशः सुधार गरिने र प्रक्रियालाई थप सहज बनाइने बताएका छन्।

सीमावर्ती क्षेत्रमा दैनिक सयौं भारतीय सवारी साधन नेपाल प्रवेश गर्ने भएकाले अनलाइन भन्सार प्रणालीलाई प्रभावकारी र सेवामैत्री बनाउन तत्काल आवश्यक प्राविधिक तथा प्रशासनिक सुधार गर्नुपर्ने माग स्थानीय स्तरबाट उठ्न थालेको छ। नयाँ व्यवस्था पारदर्शिता र सहज सेवाका लागि ल्याइए पनि प्रारम्भिक व्यवस्थापन कमजोर हुँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारणमाथि परेको देखिएको छ।

# गाँस, बास र कपासको ग्यारेन्टी माग गर्दै दृष्टिविहीन नागरिकहरु प्रदर्शनमा




**मधेशदृष्टि**
**काठमाडौँ।**
सडकपेटी आश्रित दृष्टिविहीन नागरिकहरुले काठमाडौंमा प्रदर्शन गरेका छन् । काठमाडौँ महानगरले सडकपेटी, मठमन्दिर र चोकहरूमा आफ्नो जीवनयापनका लागि काम गर्न नदिएको भन्दै उनीहरुले सोमबार काठमाडौंको माइतिघरमा विरोध प्रदर्शन गरेका हुन्। प्रदर्शनका क्रममा सडकपेटी आश्रित दृष्टिविहीन नागरिक सुदीप ओलीले सरकारले दृष्टिविहीनहरूको गाँस, बास र कपासको ग्यारेन्टी नगरेको र उल्टै सडकमा व्यापार गरेर जीवनयापन नदिएको गुनासो गरे। नगरप्रहरीहरूले आएर दमन गर्ने, दिनभर होल्डिङ सेन्टरमा थुन्ने र महिलाहरूमाथि अभद्र व्यवहार गर्ने गरेको उनले बताए। राज्यले दृष्टिविहीनहरूलाई सडकपेटीमा मर्यादित रूपमा गरी खान दिनुपर्ने, योग्यता अनुसारको रोजगारीको व्यवस्था गर्नुपर्ने उनको माग छ । राज्यले आफूहरूलाई रोजगार दिन नसकेको खण्डमा बेरोजगार भत्ता बापत प्रतिमहिना २० हजार रुपैयाँ उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ।

# बन्द हेटौँडाको कपडा उद्योगलाई पुनः संचालनमा ल्याउने सरकारको तयारी



**मधेशदृष्टि**
**हेटौँडा।**
लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौँडा कपडा उद्योगलाई सरकारले फेरि सञ्चालनमा ल्याउने तयारी गरेको छ । योसँगै सरकारी निकायले यसको अनुगमन शुरु गरेको छ । हेटौँडा औद्योगिक क्षेत्रभित्र २०३२ सालमा स्थापना भएर २०३५ देखि सञ्चालित हेटौँडा कपडा उद्योग २०५७ सालदेखि बन्द भएको थियो।

त्यसयता कपडा उद्योग फेरि सञ्चालनमा ल्याउन पटकपटक प्रयास भएपनि प्रयासले सार्थकता पाउन सकेको थिएन। यसवर्ष यसको सञ्चालनका लागि सरकारले चासो बढाएसँगै सरकारी तवरबाट स्थलगत अनुगमनसँगै सक्रियता बढाइएको औद्यागिक क्षेत्र व्यवस्थापन लिमिटेड हेडौँडा कार्यालयका सूचना अधिकारी हिमालय भण्डारीले जानकारी दिए।

हेटौँडा कपडा उद्योगको पुनः सञ्चालनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अग्रसरता लिएको बताउँदै उनले यसबीचमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले उद्योगको स्थलगत अनुगमन गरेको बताए।

# हात्ती प्रजनन् तथा तालिमकेन्द्रको निरीक्षण



**मधेशदृष्टि**
**काठमाडौँ।**
प्रधानमन्त्री बालेन शाहले चितवनको सौराहास्थित खोरसोरमा रहेको हात्ती प्रजनन तथा तालिम केन्द्रको सोमबार निरीक्षण गरेका छन् । प्रजनन केन्द्रका प्रमुख मणिपुरण चौधरीका अनुसार प्रधानमन्त्री शाह सपरिवार केन्द्र पुगेका थिए।

निरीक्षणका क्रममा उनले केन्द्रमा रहेका हात्ती तथा तिनको संरक्षण, प्रजनन र व्यवस्थापनबारे जानकारी लिएका थिए । खोरसोरस्थित उक्त केन्द्रमा हाल नौ वटा माउ हात्ती र सात वटा छावा रहेका छन्। केन्द्रले हात्तीको प्रजनन, संरक्षण तथा तालिमसम्बन्धी कार्य गर्दै आएको छ।

प्रधानमन्त्री शाह राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनमा सहभागी हुने सिलसिलामा चितवनमा रहेका छन् । महाधिवेशनका विभिन्न कार्यक्रमबीच उनले हात्ती प्रजनन तथा तालिम केन्द्रको निरीक्षण गरेका हुन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन